# सर्वोच्च अदालत बुलेटिन

**पाक्षिक प्रकाशन**

वर्ष २४, अङ्क १९ | **२०७२, माघ १–१५** | पूर्णाङ्क ५६५



**प्रकाशक**

## सर्वोच्च अदालत

**रामशाहपथ, काठमाडौं**

**फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)**

**फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८**

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

**माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत - अध्यक्ष**
**माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत - सदस्य**
**नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय - सदस्य**
**अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन - सदस्य**
**वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य**
**सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**
शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री लक्ष्मण वि.क.
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोद यादव
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री सुदर्शनप्रसाद आचार्य
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**
डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | २ |
| संयुक्त इजलास | ११ |
| इजलास नं. १ | १० |
| इजलास नं. २ | २ |
| इजलास नं. ३ | ७ |
| इजलास नं. ४ | ४ |
| इजलास नं. ५ | ६ |
| इजलास नं. ७ | ४ |
| इजलास नं. ८ | १ |
| एकल इजलास | ३ |
| रीत/बेरीत आदेश | २ |
| अन्तरिम आदेश | १० |
| जम्मा | ६३ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन


यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, माघ – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०– ०१– ३३३– ५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१-३** |
| १. | उत्प्रेषण / परमादेश | मालचन्द दुगडससमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| २. | उत्प्रेषण / परमादेश | राजेन्द्रप्रसाद पौडेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **संयुक्त इजलास** | | | **३-१०** |
| ३. | कर्तव्य ज्यान | सरोजी सिंह वि. नेपाल सरकार | |
| ४. | कर्तव्य ज्यान | जयबहादुर तामाङ वि. नेपाल सरकार | |
| ५. | उत्प्रेषण / परमादेश | कालिकानन्द ठाकुर वि. विद्यालय शिक्षक किताबखाना, छाउनी, काठमाडौंसमेत | |
| ६. | उत्प्रेषण / परमादेश | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं वि. रणवीर तुम्बा | |
| ७. | निषेधाज्ञा | दुर्गादेवी पाल वि. प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, धनगढी, कैलालीसमेत | |
| ८. | परमादेश | चक्रबहादुर शङ्कर वि. अर्थ मन्त्रालयसमेत | |
| ९. | नामसारी निर्णय दर्ता बदरसमेत | फनैत मुखिया बिनसमेत वि. कैलसिया देवीसमेत | |
| १०. | उत्प्रेषण / परमादेश | सजनकुमारी लामासमेत वि. मालपोत कार्यालय, लाहान, सिरहासमेत | |
| ११. | कर्तव्य ज्यान | गणेश ताम्राकार वि. नेपाल सरकार | |
| १२. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. अमृत तामाङसमेत | |
| १३. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. जीवन जिमी राई | |
| **इजलास नं. १** | | | **१०-१७** |
| १४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बलबहादुर पुनसमेत | |
| १५. | जबरजस्ती करणी | डाकबहादुर कार्की वि. नेपाल सरकार | |
| १६. | कर्तव्य ज्यान र जबरजस्ती चोरी | सुवास पुनसमेत वि. नेपाल सरकार | |
| १७. | नाता कायम | शङ्कर श्रेष्ठ वि. निराजन श्रेष्ठ | |
| १८. | लागु औषध खैरो हेरोइन | नेपाल सरकार वि. सुमन बानियासमेत | |
| १९. | भारतीय ट्रक चोरी पैठारी | अमलेस घोषसमेत वि. नेपाल सरकार | |
| २०. | जबरजस्ती करणी | नेपाल सरकार वि. रमेश तामाङ | |
| २१. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. पुण्डरी भन्ने रामबहादुर बि.क. | |
| २२. | कर्तव्य ज्यान | मदनकुमार खापुङ (लिम्बू) वि.नेपाल सरकार | |
| २३. | कर्तव्यद्वारा घरमा आगोलागी | अगमबहादुर राई वि.नेपाल सरकार | |
| **इजलास नं. २** | | | **१७-१८** |
| २४. | उत्प्रेषण / परमादेश | हेमनकुमार राई वि. जिल्ला सरकारी वकिल कार्यालय, बबरमहल, काठमाडौंसमेत | |
| २५. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. गम्भीर भन्ने बिसे नेपाली | |
| **इजलास नं. ३** | | | **१८-२४** |
| २६. | सार्वजनिक जग्गा खिचोला समेत | जगरनाथ राय यादवसमेत वि. बहादुर राय यादव | |
| २७. | छुट दर्ता नामसारी | गणेश महर्जन वि. दिग्विजयराज श्रेष्ठसमेत | |
| २८. | जबरजस्ती करणी | नेपाल सरकार वि. दुर्गाप्रसाद तामाङसमेत | |
| २९. | वैदेशिक रोजगार ठगी | केशव थापा वि. नेपाल सरकार | |

| | | |
|---|---|---|
| ३०. | उत्प्रेषण | अम्बरबहादुर कार्की वि. मालपोत कार्यालय, बारा कलैयासमेत |
| ३१. | निकास खुलाई चलन चलाइपाउँ | नाथु भन्ने तुलसीप्रसाद तेली (गुप्ता) समेत वि. श्रवणकुमार लोध |
| ३२. | मोही प्रमाणपत्र बदर | राजकिशोर राय वि. मु.स. गर्ने पल्टीदेवीसमेत |
| **इजलास नं. ४** | | **२४-२६** |
| ३३. | मोही नामसारी | विश्वनाथ पाण्डे भुमिहार वि. शङ्कर गिरी |
| ३४. | मिलापत्र बदर | सुकदेव राय यादवसमेत वि. दुखियादेवी |
| **इजलास नं. ५** | | **२६-३१** |
| ३५. | जालसाजी | गणेश महतो तत्वासमेत वि. प्रल्हाद महतो धानुकसमेत |
| ३६. | कर्तव्य ज्यान | रेखबहादुर चौहान वि. नेपाल सरकार |
| ३७. | लागु औषध | भानु भन्ने नन्दकिशोर प्रसाद यादव वि. नेपाल सरकार |
| ३८. | मानव बेचबिखन तथा ओसारपसार | राजेश भन्ने भगीरथ दाहाल वि. नेपाल सरकार |
| ३९. | आगो लगाई कर्तव्य ज्यान | अर्जुन वि.क. वि. नेपाल सरकार |
| ४०. | उत्प्रेषण | कान्छाभाई महर्जनसमेत वि. स्थानीय विकास मन्त्रालयसमेत |
| **इजलास नं.७** | | **३१-३६** |
| ४१. | सवारी ज्यान | नेपाल सरकार वि. रामकेवल राय यादव |
| ४२. | चेक अनादर | शुशीलकुमार मानन्धर वि. विभु कायस्थ |
| ४३. | कर्तव्य ज्यान | शिवलाल ढकाल वि. नेपाल सरकार |
| ४४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लालबहादुर बुढा |
| **इजलास नं.८** | | **३६-३७** |
| ४५. | कर्तव्य ज्यान | सुकुमन रोका वि. नेपाल सरकार |
| **एकल इजलास** | | **३७-३८** |
| ४६. | बन्दी प्रत्यक्षीकरण | कालुमायाँ तामाङ रिजाल वि. बिमला झवालीसमेत |
| ४७. | बन्दी प्रत्यक्षीकरण | विष्णु बुढाथोकी वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत |
| ४८. | बन्दी प्रत्यक्षीकरण | लकृष्ण नगरकोटीसमेत वि. मकवानपुर जिल्ला अदालतसमेत |
| **रित / बेरीत आदेश** | | **३८-३९** |
| ४९. | वैदेशिक रोजगार कसुर | छत्रबहादुर श्रेष्ठ वि. नेपाल सरकार वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौं |
| ५०. | अवैधरूपमा छाला लुकाई राखेको | रामबहादुर नेकोर तामाङ वि. नेपाल सरकार |
| **अन्तरिम आदेश** | | **३९-४१** |
| ५१. | उत्प्रेषण | बोदनाथ दुवाडीसमेत वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसमेत |
| ५२. | उत्प्रेषण | शान्ति बलमपाकी वि. स्वास्थ्य मन्त्रालयसमेत |
| ५३. | उत्प्रेषण | तोमलाल गिरी वि. स्वास्थ्य सेवा विभाग, टेकु काठमाडौंसमेत |
| ५४. | उत्प्रेषण | कल्पना कुमारी कार्की वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत |
| ५५. | उत्प्रेषण | राजकिशोर यादव वि. निजामती किताबखाना, हरिहरभवन, पुल्चोकसमेत |
| ५६. | उत्प्रेषण | दिनेशकुमार यादव वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत |
| ५७. | उत्प्रेषण | रणवीर सुब्बा वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौंसमेत |
| ५८. | उत्प्रेषण / परमादेश | सुरेन्द्रप्रसाद यादव वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत |
| ५९. | उत्प्रेषण / परमादेश | कृष्णमणि आचार्य वि. रजिस्ट्रार, सर्वोच्च अदालतसमेत |
| **अदालत गतिविधि** | | **४२-४६** |

## विशेष इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-WS-००१२, उत्प्रेषण / परमादेश, *जिल्ला कैलाली, मोहलपुर गैटा गाविस वडा नं. ७ अवस्थित कोहिनुर एग्रो इन्डस्ट्रिजका साझेदार भई आफ्नो हकमासमेत मालचन्द दुगडससमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*

२०६९ भदौ मसान्तसम्म वस्तु निर्यात गरी २०६९ कात्तिक मसान्तसम्ममा नगद प्रोत्साहनका लागि उद्योग विभागमा दर्ता भएका निवेदनका हकमा निर्यातमा नगद प्रोत्साहनसम्बन्धी कार्यविधि, २०६८ र २०६९ भदौ मसान्तअघि निर्यात गरेका तर निर्यातमा नगद प्रोत्साहनका लागि निवेदन गरी नसकेका निर्यातका हकमा नगद प्रोत्साहनसम्बन्धी कार्यविधि, २०७० बमोजिम नगद प्रोत्साहन पाउने व्यवस्था गरेको देखिन आउने।

तोकिएको म्यादमा निर्यात गरी निवेदन दिएका र निर्यात गरे पनि तोकिएको म्यादमा निवेदन नदिएका हकमा सम्म फरक व्यवस्था गरेको देखिन आएको छ। २०६८ सालको कार्यविधिमा उल्लिखित सुविधा माग गर्न २०६९ भदौ मसान्तभित्र वस्तु निर्यात गरी २०६९ कात्तिक मसान्तभित्र निवेदन दिनुपर्ने सर्त छ। कानूनले तोकेको सर्त नमान्ने तर सुविधा माग गर्न मिल्ने भन्ने अर्थ गर्न मिल्दैन। कानूनको सुविधा माग गर्नेले कानूनका सर्त पनि पालन गर्नुपर्दछ। २०७० सालको कार्यविधिअनुसार सुविधा माग गर्न निर्यातमा नगद प्रोत्साहनसम्बन्धी कार्यविधि, २०७० को दफा १४(४) ले निवेदकलाई बन्देज गरेकोसमेत नहुने।

निर्यात अभिवृद्धि गरी व्यापार घाटा कम गर्दै सोधान्तर स्थितिमा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारबाट निर्यातमा नगद प्रोत्साहनसम्बन्धी कार्यविधि जारी गरेको र यस कार्यविधिको प्रयोगबाट व्यापार प्रबर्द्धन हुने कुरालाई समेत आत्मसात् गरिएको छ। व्यापार प्रवर्द्धन गर्न नगद प्रोत्साहन दिने नदिने भन्ने वाणिज्य नीतिको कुरा हो। यो कुनै व्यक्ति, नागरिक वा संघ संस्थासँग आबद्ध संवैधानिक हकसँग जोडिएको विषय पनि होइन। व्यापारमा नगद प्रोत्साहनसम्बन्धी कुरालाई संविधानले कुनै प्रत्याभूति गरेको छैन। नेपाल सरकारले कार्यकारिणी अधिकारअन्तर्गत नीतिगत निर्णय लिई जारी गरेको नगद प्रोत्साहनको कार्यविधिमा संवैधानिक प्रश्न निहित रहेको नदेखिएकाले असंवैधानिक भनी चुनौती दिन मिल्ने अवस्था नहुने।

वस्तु निर्यात गर्दा निर्यातमा नगद प्रोत्साहनसम्बन्धी कार्यविधि, २०७० को अनुसूची १ र २ मा उल्लिखित दरमा नगद प्रोत्साहन उपलब्ध गराइने र त्यसरी नगद प्रोत्साहन दिँदा न्यूनतम ३० प्रतिशत मूल्य अभिवृद्धि भएको हुनुपर्ने भनी वस्तु निर्यात गरेको यथार्थतामा आधारित नगद प्रोत्साहन दिने निर्णय लिनु संविधानविरूद्धको कुरा होइन। वस्तु निर्यात गरेकामा नगद प्रोत्साहन दिने नीति संविधानमा आधारित प्रत्याभूति नभएकाले कार्यविधिमा परिवर्तन गरी सरकारको विशेषाधिकारमा सीमा तोक्न तोकाउन खोज्नु मुनासिब हुन नआउने।

निवेदकले बदर माग गरेको कानून कार्यविधिसम्म भएको हुँदा कार्यविधिबाट कसैको सारवान् हक हनन् नहुने भएबाट संवैधानिक परीक्षणको विषय हुनसक्ने भएन। निर्यातमा नगद प्रोत्साहनसम्बन्धी कार्यविधि सरकारको वाणिज्य नीतिअन्तर्गत जारी गरिएको हुँदा सरकारको त्यस्तो नीतिगत विषयमा हस्तक्षेप गरी कार्यविधि बदर गर्न तथा सरकारको विशेषाधिकारमा सीमा तोक्न मुनासिब

नहुँदा मागबमोजिम आदेश जारी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दीपक ढकाल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७२ साल जेठ ७ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-WS-००५७, उत्प्रेषण / परमादेश, *काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२ मा अवस्थित डेभलपमेन्ट बैंकर्स एसोसिएशनको तर्फबाट अख्तियारप्राप्त भई आफ्नो हकमासमेत राजेन्द्रप्रसाद पौडेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

समान स्तर, अवस्था र हैसियत भएका समानहरूबिच असमान हुने गरी एउटाको तुलनामा अर्कोलाई विशेष सुविधा दिने वा संरक्षण गर्ने गरी कानून बनाइएको छ भने त्यस्तो अवस्थामा समानताको हकविपरीत हुन जाने हो । तर कुनै संस्थाको सेवाको प्रकृतिको आधारमा ती संस्थाहरूलाई छुट्टाछुट्टै वर्गीकरण गरी त्यस्ता संस्थाले गर्ने लगानी र प्राप्त हुने प्रतिफलका आधारमा संस्था दर्ता गर्दासमेत तोकिएका सर्तका अधीनमा रही स्थापित भएका संस्थाहरूको हकमा विभिन्न वर्गमा वर्गीकरण गरी फरकफरक व्यवस्था गरिएको छ । यसरी वर्गीकरण गर्नुको खास बोधगम्य कारण र सो कानूनबाट प्राप्त गर्न खोजिएको उद्देश्य विवेकपरक सम्बन्धमा तात्विक भिन्नता नहुँदा फरक हैसियत भएका संस्थाले छुटै हैसियत भएका अन्य संस्थासरहको सुविधा प्राप्त गर्नुपर्ने भनी दाबी गर्न नमिल्ने।

वर्ग विभाजन गर्नुको बोधगम्य आधार र वर्ग विभाजन गरिएका संस्थाले प्राप्त गर्ने सुविधाबिच विवेकपरक सम्बन्ध छ र सो कुरा न्यायका मान्य सिद्धान्तविपरीत छैन भने त्यसरी गरिएको विभाजनमा परेका कुनै संस्थाले अर्कै हैसियत र भिन्न कार्य प्रकृतिको संस्थाको समान हुनुपर्ने भनी समानताको निरपेक्ष अर्थ गरी दाबी गर्न मिल्दैन। "क" र "ख" वर्गका संस्थाहरूको कार्यप्रकृति, संस्था दर्ता हुँदा स्वीकार गरेको सर्त र निजहरूले प्राप्त गरेको इजाजतपत्रको वर्गसमेत फरक रहेकाले फरक हैसियत भएका संस्थाले फरक सुविधा प्राप्त गर्ने कुराले समानताको हक उल्लङ्घन भएको भनी अर्थ गर्न मिल्ने नदेखिने। बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४७(२) तथा संघ, संस्था, कम्पनी, परिषद्, कोष, विश्वविद्यालय आदि निकायहरूसँग सम्बन्धित विषयगत विशेष ऐनले कुनै बन्देज लगाएको अवस्था छैन। संघ, संस्था, कम्पनी, परिषद्, कोष, विश्वविद्यालय आदि संस्थाका कानूनहरूले तोकेको बैंकमा निक्षेप राख्ने कुराले विकास बैंक वा अन्य वित्तीय संस्थाले निक्षेप लिन पाउने अधिकारमा कटौती भएको वा अङ्कुश लगाइएको भन्न नमिल्ने।

प्रचलित कानूनबमोजिम राज्यलाई प्राप्त हुने राजश्व, सरकारी वा सार्वजनिक रकम कानूनबमोजिम तोकिएको बैंकमा राख्नुपर्ने प्रावधानले विकास बैंकहरूलाई राज्यले हतोत्साहित गरेको भन्न पनि मिल्दैन । राज्यले नागरिक वा कुनै निजी संघ संस्थालाई आफ्नो निक्षेप कुनै निश्चित बैंक वा वित्तीय संस्थामा मात्र राख्न पाउने गरी कानून बनाई जारी गरेको भए निवेदकले दाबी गरेजस्तो हक हनन् हुने गरी कानून बनेको भन्न सकिने अवस्था हुने थियो, तर प्रस्तुत विवादमा निवेदकले दाबी गरेजस्तो त्यस्तो अवस्था छैन। नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५(१)(च) बमोजिम बैंकिङ तथा वित्तीय कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरी बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४७(२) बमोजिमको वित्तीय कारोबार गरी आएका

निवेदक संस्थाहरूले "ख" वर्गको वित्तीय संस्थाले गर्न पाउने वित्तीय कारोबार गरी आएको भन्ने कुरा निवेदन लेखबाट नै देखिँदा निवेदकहरूलाई वित्तीय कारोबार गर्नबाट वञ्चित गरेको भन्ने देखिन नआएबाट निवेदकहरूको स्वतन्त्रताको हकमा असर परेको भन्न नमिल्ने ।

कुनै कानूनका प्रावधानहरू अर्को कुनै कानूनसँग बाझिएको वा नबाझिएको भन्ने प्रश्नको निरूपण नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) अन्तर्गत हुन सक्ने अवस्था हुँदैन । संविधानसँग नेपाल कानून बाझिएकामा मात्र न्यायिक पुनरावलोकन हुन सक्ने हो तर कुनै कानूनका व्यवस्था अर्को कानूनसँग बाझिएको भन्ने आधारमा धारा १०७ (१) आकर्षित हुन नसक्ने हुँदा संघ, संस्था, कम्पनी, परिषद्, कोष, आयोग र विश्वविद्यालयसमेत ६० संस्थाका ऐनहरू जारी भई लागू भएका विधायनका कुनै प्रावधानहरूसम्बन्धी समस्या हो भने त्यस्ता समस्यालाई संशोधन गराई माग्न निवेदकहरू सम्बन्धित निकायमा जानु पर्ने हो तर सो पहल नगरी आफ्नो व्यापार प्रबर्द्धन गर्ने हिसाबले मात्र निवेदकहरूले ऐन बदर माग गरी अदालत प्रवेश गरेको देखिँदा निवेदकहरूको संवैधानिक र कानूनी हकमा असर नपुगेसम्म अदालतले प्रचलित कानूनमा हस्तक्षेप गरी कानून बदर गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०७२ साल जेठ ७ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-११४५, ११८०, कर्तव्य ज्यान, *सरोजी सिंह वि. नेपाल सरकार, नेपाल सरकार वि. अमोदप्रसाद सिंह*

मृतकको लास जाँच प्रकृति मुचुल्कामा चिउँडोमुनी ३ इन्च गोलाइमा छाला खुइलिएको डाम रहेको, घाँटीमा दाहिने कन्चटदेखि चिउँडोमुनिसम्म आधा इन्च चौडाई र ३ इन्च लामो निलो डाम रहेको, बायाँपट्टि घाँटी पछाडि आधा इन्च चौडाई ६ इन्च लामो डाम रही ताला लगाई बन्द गरिएको अवस्थामा प्रतिवादी सरोजी सिंहको कोठाको ओछ्यानमा मृतक श्यामप्रसाद साहको लास रहेको भन्ने उल्लेख भएको देखिन्छ । मृतकको लास रहेको ओछ्यानको तन्ना र तकियाको खोलमा रगत लागेको भन्ने उल्लेख भई शव परीक्षण प्रतिवेदनमा cause of death is strangulation leading to asphyxia भन्ने उल्लेख भएको मिसिल संलग्न कागजातहरूको विश्लेषण गरी हेर्दा मृतक श्यामप्रसादको मृत्यु स्वभाविकरूपमा भएको भन्न मिल्ने नदेखिने ।

घटनाको तत्कालपछि प्रतिवादीले गरेको साबिती बयानलाई अनुसन्धानको क्रममा सङ्कलित सबुद प्रमाणहरूले स्पष्टरूपमा पुष्टि गरेको देखिएकाले प्रतिवादीको मौकाको साबिती बयानलाई प्रमाणको रूपमा लिन मिल्ने देखिन आयो । त्यसका अतिरिक्त प्रतिवादीलाई निजको इच्छाविपरीत डर त्रास देखाई अनुसन्धानको क्रममा बयान गराइएको भन्ने कुरा मिसिलमा भएको कुनै पनि तथ्यले समर्थन गरेको नदेखिएकाले आफूलाई इच्छाविपरीत बयान गराइएको भन्ने प्रतिवादीको जिकिर तथ्यपरक रहेको नदेखिने ।

मृतकको लास ताला लगाई बन्द गरेको अवस्थामा प्रतिवादीको कोठाको ओछ्यानमा पल्टिरहेको अवस्थामा बरामद भएको र ओछ्यानको तन्ना एवम् तकियाको खोलमा रगत लागेको चिन्हहरू पाइएको भन्ने घटनास्थल र लास प्रकृति मुचुल्का उल्लेख भएको देखिएकाले मृतकलाई प्रतिवादीसमेतको

संलग्नतामा मारिएको पुष्टि हुन आउने।

मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण सम्बन्धमा चिकित्सकले दिएको रायमा Cause of death is strangulation leading to asphyxia भन्ने उल्लेख भएको र मृतकको शव परीक्षण गरी प्रतिवेदन दिने चिकित्सकले अदालतमा उपस्थित भई बकपत्र गर्दा पनि मृतकको मृत्यु strangulation बाट भएको भन्ने उल्लेख गरी मृतक श्यामप्रसादलाई डोरीले घाँटीमा कसि कर्तव्य गरी मारेको भन्ने कुरा पुष्टि हुन आएकाले प्रतिवादीले अदालतमा गरेको इन्कारी बयानलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने नहुँदा प्रतिवादी सरोजी सिंहलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने।

प्रतिवादी अमोदप्रसाद सिंहले मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा कसुर गरेकामा इन्कारी रहेको देखिन्छ। निजले अदालतमा बयान गर्दा पनि वारदातमा आफ्नो संलग्नतालाई इन्कार गरेको अवस्था छ। वादी पक्षबाट पेस भएको कुनैपनि साक्षी प्रमाणहरूबाट प्रतिवादी अमोदप्रसाद सिंहको मृतक श्यामप्रसादलाई कर्तव्य गरी मार्ने कार्यमा संलग्न रहेको भन्ने पुष्टि हुन सकेको नदेखिँदा निजलाई अभियोग दाबीबाट सफाइ दिने ठहराएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल माघ १९ गते रोज २ शुभम्।

## २

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-११५९, कर्तव्य ज्यान, *जयबहादुर तामाङ वि. नेपाल सरकार*

मृतकले आफूले मर्नुभन्दा अघि आफ्नो मृत्युको सम्बन्धमा व्यक्त गरेको कुरा प्रत्यक्षरूपमा सुन्ने जाहेरवाला दोर्जे तामाङले प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम साक्षीको रूपमा अदालतमा आई मृतकको मृत्यु सम्बन्धमा मौकामा आफूले व्यक्त गरेको कुरा समर्थन गर्दै बकपत्र गरेको देखिएकाले प्रत्यक्षदर्शी कान्छी तामाङनी र जाहेरवाला दोर्जे तामाङको कथनलाई प्रत्यक्ष प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिन आउने।

मिसिल संलग्न लासप्रकृति मुचुल्का, शवपरीक्षण प्रतिवेदन, प्रत्यक्षदर्शीको बकपत्र र सहअभियुक्तहरूको पोलसमेतबाट प्रतिवादी जयबहादुर तामाङसमेतको उक्त वारदातमा प्रत्यक्ष संलग्नता रहेको भन्ने कुरा पुष्टि भएकाले निजले अदालतमा गरेको इन्कारी बयान खण्डित भै रहेको देखिएकाले उक्त बयानलाई प्रमाणमा लिन मिल्ने नदेखिने।

मिसिल संलग्न लासप्रकृति मुचुल्का, शवपरीक्षण प्रतिवेदन, घटनाका प्रत्यक्षदर्शीको मौकाको र अदालतको बकपत्रमा उल्लेख भएको कथन, सहअभियुक्तहरूको पोलसमेतबाट यिनै प्रतिवादीसमेतको संलग्नतामा मृतक बुद्ध तामाङलाई खुकुरीले शरीरको विभिन्न भागमा प्रहार गरी काटी मारेको भन्ने तथ्य स्थापित हुन आएको र मिसिलमा रहेका उल्लिखित शृङ्खलाबद्ध सबूद प्रमाणहरू एक आपसमा मालाकार कडीको रूपमा रहेको देखिएकाले प्रतिवादीको जिकिरबमोजिम निज निर्दोष रहेको भन्ने अवस्था नहुने हुँदा प्रतिवादी जयबहादुर तामाङलाई अभियोजन दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद गर्ने ठहराएको सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको फैसला सदर हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल माघ १९ गते रोज २ शुभम्।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-००८३, उत्प्रेषण/परमादेश, *कालिकानन्द ठाकुर वि. विद्यालय शिक्षक किताबखाना, छाउनी, काठमाडौंसमेत*

यस अदालतबाट जारी भएको मिति २०७०।४।२२ को अन्तरिम आदेशबमोजिम विपक्षी विद्यालय किताबखानाबाट निवेदकको अनिवार्य अवकाश हुने मिति २०७०।७।३ कायम गरी रिट निवेदकले अनिवार्य अवकाश पाई सक्नु भएकाले प्रस्तुत रिट निवेदनको प्रयोजन समाप्त भएको भन्ने रिट निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ताले यस इजलाससमक्ष बहसको क्रममा जिकिर लिनु भै निवेदकलाई अनिवार्य अवकाश दिइएको जिल्ला शिक्षा कार्यालय, बारा कलैयाको च.नं. ८५८ मिति २०७०।७।२५ को पत्रसमेत पेस गर्नु भएको छ । उक्त पत्रको व्यहोरा हेर्दा रिट निवेदकको मागबमोजिम निजको अनिवार्य अवकाश हुने मिति २०७०।७।३ कायम गरी जिल्ला शिक्षा कार्यालय, बाराले यी रिट निवेदकलाई अवकाश हुने पत्र दिएको देखिन्छ । रिट निवेदक सो अवधिसम्म आफ्नो पदमा बहाल रही अवकाश पाई सकेकाले हाल सो अवकाश अवधिसमेत व्यतित भई सकेकाले प्रस्तुत रिट निवेदन प्रयोजनहीन भई सकेको देखिँदा खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल चैत ३० गते रोज २ शुभम् ।

४

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CI-०१८८, उत्प्रेषण/परमादेश, *अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं वि. कैलाली जिल्ला, धनगढी नपा वडा नं. १२ स्थित सुरुची कन्स्ट्रक्सनको हकमा रणवीर तुम्बा*

प्रत्यर्थी रणधीर तुम्बा प्रोपाईटर रहेको सुरूची कन्स्ट्रक्सनसमेतलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सिफारिसमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाडौंले एक वर्षको लागि मिति २०६९।११।१० मा कालोसूचीमा राखेकामा सो अवधि मिति २०७०।११।९ देखि नै व्यतित भइसकेको परिप्रेक्ष्यमा पुनरावेदन अदालत, पाटनबाट भएको उक्त आदेश बदर गरी कालोसूचीमा राख्ने गरी भएको निर्णय यथावत् भएमा पनि उक्त एकवर्षको अवधि हाल समाप्त भइसकेको देखिएकाले प्रस्तुत पुनरावेदनपत्र औचित्यहीन भइसकेकाले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट परेको पुनरावेदन जिकिरका सम्बन्धमा थप विचार गरी रहन परेन । प्रस्तुत पुनरावेदन खारेज हुने ।

इजलास अधिकृत: ईश्वर पराजुली

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७२ साल असार १० गते रोज ५ शुभम् ।

५

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CI-०२०७, निषेधाज्ञा, *दुर्गादेवी पाल वि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, धनगढी, कैलालीसमेत*

निवेदन मागबमोजिम नागरिक अधिकार ऐन, २०१२ को दफा १७ (२) बमोजिम निषेधाज्ञाको आदेश जारी हुनका लागि जुन सम्पत्तिसम्बन्धी हकमा आघात पर्ने सम्भावना छ भनिएको हो, सो सम्पत्तिमा निवेदिकाको पूर्ण हक (Absolute Right) अथवा विवादरहित हक (Undisputed Right) हुनुपर्ने हुन्छ । सम्पत्तिमा आफ्नो हक निहित रहेको तथ्यपूर्ण एवम् सारभूत प्रमाण देखाउन नसकेको अवस्थामा निषेधाज्ञा जारी हुन नसक्ने ।

प्रस्तुत मुद्दामा विवादित जग्गाहरू यी निवेदिकाका नाउँमा दर्ता भैनसकेको र निजले भोग गर्दै आइरहेको भन्ने कुरालाई निवेदक स्वयम्ले नै स्वीकार गरिरहेको देखिन्छ । आफ्नो हकमा आघात पर्ने आशङ्का व्यक्त गर्ने निवेदिकाले सर्वप्रथम आफ्नो हकलाई आधारभूत र सारभूतरूपमा (Substantially) ऐनद्वारा प्रत्याभूत हक हो भन्ने कुरा स्थापित गर्न सक्नुपर्ने हुन्छ । स्थापित भइरहेको हकको विषयमा कसैले हस्तक्षेप गर्ने वा त्यस्तो हक कुण्ठित पार्ने आशङ्का विद्यमान भएमा मात्र त्यस्तो कार्य रोकि यथास्थिति कायम गर्नेसम्म निषेधाज्ञाको आदेशको उद्देश्य हुने ।

निवेदिकाले उल्लेख गरेको जग्गामा निजको निर्विवाद हक स्थापित रहेको नदेखिएको र घर टहरा हटाउने आशङ्काको स्थिति विद्यमान रहेको नभै हटाउने कार्य नै सम्पन्न भैसकेको अवस्थासमेत देखिन आएको हुँदा निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने नभै निवेदन खारेज गर्ने ठहर गरेको पुनरावेदन अदालत, दिपायलको मिति २०७१।२।१२ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: ईश्वर पराजुली

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७२ साल असार १० गते रोज ५ शुभम् ।

६

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-०३३९, परमादेश, *नि:सहाय सहयोग परिषद् (Help to the Helpless Council) को तर्फबाट अधिकारप्राप्त संस्थापक चक्रबहादुर शङ्कर वि. अर्थ मन्त्रालयसमेत*

नेपाल सरकारको तर्फबाट निवेदक संस्थाले प्रचलित कुन कानूनी व्यवस्थाअन्तर्गत रकम प्राप्त गर्ने हो र कुन कानूनी अधिकारअन्तर्गत उपर्युक्त रकमको दाबी गरेको हो भन्ने कुरा रिट निवेदनमा उल्लेख भएको पाइँदैन । प्रचलित कानूनी व्यवस्थामा निवेदकजस्तो गैरसरकारी संस्थालाई सरकारको तर्फबाट त्यस्तो कुनै प्रकारको रकम उपलब्ध गराउनु पर्ने भन्ने बाध्यकारी प्रावधान रहेको पनि नपाइने ।

वस्तुतः राज्यको कोषबाट कुनै गैरसरकारी संस्थालाई कुनै सहयोग रकम वा अक्षयकोषको लागि कुनै रकम नेपाल सरकारले कानूनबमोजिम आफ्नो नीति, कार्यक्रम र दायित्वअनुरूप उपलब्ध गराउने कुरा हो । के कस्तो संस्थालाई के कति सहयोग रकम उपलब्ध गराउने वा नगराउने भन्ने कुरा नेपाल सरकारको स्वयम् दायित्वबोधको कुरा हुन सक्छ । त्यसका अतिरिक्त नेपाल सरकारले आफ्नो नीति तथा कार्यक्रमबमोजिम कानूनअनुसार कुन संस्थालाई के कति रकम सहयोग प्रदान गर्ने वा नगर्ने भन्ने कुरा सरकारको कार्यकारिणी अधिकारक्षेत्रभित्र पर्ने विषयवस्तु हुँदा यस प्रकारका कार्यकारिणी अधिकारक्षेत्रका विषयहरू न्यायिक निरूपणका विषयवस्तु हुन नसक्ने ।

रिट निवेदनमा दाबी लिइएको अक्षयकोषको लागि नेपाल सरकारले रकम उपलब्ध नगराएको अवस्थामा निवेदक संस्थाको कुन कानूनद्वारा प्रदत्त हकमा के कसरी आघात परेको हो भन्ने कुरा रिट निवेदकले खुलाउन सकेको नदेखिँदा मागबमोजिम परमादेशको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल चैत ३० गते रोज २ शुभम् ।

७

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-०३६१, नामसारी निर्णय दर्ता बदर हक कायम दर्ता, *फनैत मुखिया बिनसमेत वि. कैलसिया देवीसमेत*

इमरित र वादीहरूकाबिचको नाता र सम्बन्धको बारेमा विशेष जानकारी हुन सक्ने स्थितिमा

रहेका व्यक्तिहरूको रायलाई प्रमाण ऐन, २०३१ को दफा २३(४) को व्यवस्थाबमोजिम ठोस प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने भएकाले यी वादीहरू इमरितको अपुताली खाने हकदार नभएको भन्ने प्रतिवादीको जिकिर तथ्यपरक रहेको नदेखिने।

मालपोत कार्यालय, रौतहटको मिति २०६५।३।१२ को नामसारी निर्णय बदर गरी वादी दाबीबमोजिमको जग्गाहरू वादीहरूको नाममा दर्ता हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।४।१६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल माघ २२ गते रोज ५ शुभम्।

८

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-WO-०५०५, उत्प्रेषण/परमादेश, *सजनकुमारी लामासमेत वि. मालपोत कार्यालय, लाहान, सिरहासमेत*

रिट निवेदकहरूले राजीनामा पारित गरी खरिद गरेको श्री लक्ष्मीनारायण मन्दिरको जग्गा आफू पुजारी रहेको अवस्थामा लक्ष्मीनारायणलाई आफ्नो बाजे देखाई आफ्नो नाममा नामसारी गराएको भन्ने कुरा स्वयम् श्यामसुन्दर दासले मालपोत कार्यालयमा बयान गर्दा स्वीकार गरेको देखिन्छ। त्यसका अतिरिक्त निज श्यामसुन्दरबाट जग्गा खरिद गरी लिने रामउदगार साहले पनि उक्त जग्गा मन्दिरको भएको र आफूले फिर्ता गर्न तयार रहेको भनी स्वीकार गरी बयान गरेको अवस्था देखिएकाले जग्गा खरिद गर्ने व्यक्तिलाई सुनुवाइको मौका प्रदान नगरी एकतर्फीरूपमा नामसारी निर्णय बदर गरेको भन्ने निवेदन दाबी तथ्यपरक नदेखिने।

विवादित जग्गा लक्ष्मीनारायण मन्दिरको नाउँको जग्गा भई लक्ष्मीनारायणजी नाउँबाट श्यामसुन्दर दासले नामसारी गराई तहतह राजीनामा गरी यी रिट निवेदकहरूले खरिद गरी लिएको भन्ने कुरामा विवाद छैन। निज श्यामसुन्दर दासले वैधानिक तवरबाट जग्गा नामसारी गराएको नभई भगवान्‌को नामको मन्दिरको जग्गा अवैधानिक तवरबाट आफ्नो नाउँमा नामसारी गरी तहतह हुँदै निवेदकहरूले खरिद गरि लिएको देखिन्छ। रिट निवेदकहरूले प्राप्त गरेको जग्गाको स्रोत नै अवैधानिक भएकामा त्यस्तो अवैधानिक स्रोतबाट प्राप्त गरेको राजीनामा, खरिद बिक्री र त्यसबाट प्राप्त भएको हकलाई वैधानिक र कानूनसम्मत मान्न नसकिने।

रिट निवेदकहरूले राजीनामाबाट खरिद गरिलिएको जग्गा भोग गर्न नपाउने गरी कच्चा ठहरेपछि लिखत भए लिखतबमोजिम र लिखत नभए आफ्नो साँवा र ऐनबमोजिमको ब्याजसमेतमा दाबी लिई सामान्य कानूनी प्रक्रिया अवलम्बन गरी उपचार प्राप्त गर्नसक्ने अवस्था विद्यमान रहेको देखिएकाले यस्तो विवादमा यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत रिट क्षेत्रबाट उपचार प्रदान गर्न मिल्ने अवस्थासमेत नदेखिँदा निवेदकहरूले दाबी गरेको विवादित जग्गा लक्ष्मी नारायणजीको नामको भई त्यसका पुजारी श्यामसुन्दर दासले झुट्ठा व्यहोरा देखाई आफ्नो नाममा मिति २०६४।१२।१७ मा नामसारी गराएकामा मालपोत ऐन, २०३४ को दफा ३२(ख) बमोजिम भूमिसुधार तथा व्यवस्थापन विभागका महानिर्देशकबाट उक्त नामसारी निर्णय बदर गर्न मिति २०६५।३।२९ मा भएको निर्णयबमोजिम मालपोत कार्यालय, लाहानका मालपोत अधिकृतले मिति २०६५।४।१ मा नामसारी निर्णय बदरगरी उक्त जग्गा पूर्ववत्‌रूपमा लक्ष्मीनारायणजीको नाममा कायम राख्न गरेको निर्णय कानूनअनुकूल नै देखिँदा त्यस्तो कानूनबमोजिम भएको निर्णय र कारवाहीबाट निवेदकहरूको संविधान र कानून प्रदत्त हकमा आघात

पुगेको भन्ने नदेखिएकाले निवेदन मागबमोजिमको रिट जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल माघ १८ गते रोज १ शुभम्।

९

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६६-CR-०६६३, कर्तव्य ज्यान, *गणेश ताम्राकार वि. नेपाल सरकार*

मिसिल संलग्न जाहेरी दर्खास्त, लासप्रकृति मुचुल्का, शव परीक्षण गर्ने चिकित्सकको मृतकको मृत्यु सम्बन्धमा व्यक्त भएको राय, मृतकको श्रीमतीले घटनाको तत्काल पछि गरेको कागज एवम् अदालतमा गरेको बकपत्र र प्रतिवादीको मौकाको र अदालतको बयानसमेतका तथ्यगत अवस्थालाई विश्लेषण गरी हेर्दा मृतकको मृत्यु स्वभाविकरूपमा भएको भन्ने अवस्था देखिन आएन । अनुसन्धानको क्रममा सङ्कलित सबुद प्रमाण र अदालतमा भएको मृतकको श्रीमतीको बकपत्र एवम् जाहेरवालासमेतको बकपत्रका साथै स्वयम् प्रतिवादीको अदालतमा भएको बयानसमेतबाट मृतक गोपाल ताम्राकारलाई यी प्रतिवादीले कुटपिट गरेपश्चात् आफैँ हिँड्डुल गर्न सक्ने अवस्थामा नरहेको र मरणासन्न अवस्थामा रहेको भन्ने स्पष्टरूपमा देखिएकाले निज आफैँ माथिल्लो तल्लामा चढी डोरीले घाँटीमा पासो लगाई मरेको भन्ने देखिन नआएकाले प्रतिवादीको जिकिरबमोजिम मृतकले आत्महत्या गरेको भन्ने देखिन आउँदैन। प्रतिवादीको मृत्यु कर्तव्यबाट नै भएको भन्ने स्पष्टरूपमा देखिन आउने।

प्रमाण ऐन, २०३१ को दफा १०(१) (क) को कानूनी व्यवस्थाअनुसार कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा सो काम गर्ने वा सो काम, घटना वा अवस्था प्रत्यक्षरूपमा देख्ने वा थाहा पाउने व्यक्तिले मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिनुपर्ने व्यवस्था रहेको पाइन्छ । त्यसका अतिरिक्त सोही ऐनको दफा १८ मा कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिनुपर्ने व्यवस्था रहेको पाइन्छ। उल्लिखित कानूनी व्यवस्थाअनुसार घटना भएको प्रत्यक्ष थाहा पाउने माया ताम्राकार र सावित्रा ताम्राकारले घटनाको तत्कालपछि आफूले घटना सम्बन्धमा थाहा पाएको कुरा अधिकारप्राप्त अधिकारीसमक्ष व्यक्त गरी प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम मौकाको आफ्नो भनाइको समर्थन गरी अदालतको बकपत्रमा समेत यी प्रतिवादीले मृतकलाई कुटपिट गरेको आफूले देखेको र मृतक आफैँ झुण्डिई मर्न सक्ने अवस्थामा नभई बेहोस अवस्थामा रहेको भनी किटानीसाथ उल्लेख गरेको तथ्यलाई अदालतले ठोस प्रमाणको रूपमा लिनुपर्ने देखिन आउने।

प्रतिवादी गणेश ताम्राकारले मृतक गोपाल ताम्राकारलाई कर्तव्य गरी मारेको भन्ने कुरा परिस्थितिजन्य प्रमाणको रोहमा पुष्टि हुन आएको देखिएकाले निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहराई सुरू अर्घाखाँची जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहराएको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

इति संवत् २०७१ साल फागुन २० गते रोज ४ शुभम्।

१०

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CR-०१३५, वैदेशिक

रोजगार कसुर, *नेपाल सरकार वि. अमृत तामाङसमेत*

जाहेरवालाले प्रतिवादीहरूलाई वैदेशिक रोजगारको लागि पैसा बुझाएको भन्ने जाहेरी दरखास्तमा व्यहोरा उल्लेख गर्दैमा मात्र पर्याप्त हुँदैन । अदालतले अन्य सङ्कलित प्रमाणको रोहमा त्यस्तो जाहेरी दरखास्तको न्यायिक परीक्षण नगरेसम्म वा अन्य प्रमाणहरूले समर्थन (Corroborate) नगरेसम्म त्यस्तो जाहेरी दरखास्त आफैँमा स्वतन्त्र प्रमाण हुन सक्तैन । जाहेरी दरखास्त केवल अपराधको सूचनासम्म हुने भएकाले अन्य प्रमाणबाट समर्थित नगरेसम्म जाहेरी दरखास्तलाई अभियोग लगाइएको कुनै पनि व्यक्तिका विरूद्ध प्रमाणको रूपमा ग्रहण गर्न सकिने हुँदैन । यी जाहेरवालाले प्रतिवादीहरूलाई वैदेशिक रोजगारको लागि पैसा बुझाएको लिखित प्रमाण पेस गर्न सकेको नदेखिँदा मौखिक उजुरीकै भरमा मात्र वैदेशिक रोजगार जस्तो फौजदारी अभियोगमा यी प्रतिवादीहरूलाई कसुरदार कायम गर्न नमिल्ने हुँदा अभियोग दाबीअनुसार प्रतिवादीहरूले वैदेशिक रोजगारको कसुर गरेको प्रमाणित नभएकाले प्रतिवादीहरूले सफाइ पाउने ठहर्‍याई भएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७०।४।२० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल असार १० गते रोज ५ शुभम् ।

११

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-११०१, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. जीवन जिमी राई*

बिना इजाजत जाहेरवालासमेतलाई वैदेशिक रोजगारमा पठाउन रकम लिई भिषा मगाई विदेश पठाएको भनी गरेको प्रतिवादीको साबिती बयान, यी प्रतिवादी र जाहेरवालाबिच भएको सम्झौताको लिखतसमेतबाट सो व्यहोरा देखिँदा यी प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कार्य गरेको तथ्य स्थापित हुन आएको हुँदा बिना इजाजत वैदेशिक रोजगारको प्रलोभन दिई यी जाहेरवालासमेतलाई दुबईसम्म पठाएकामा विवाद नहुने ।

जाहेरवालाले प्रतिवादी जीवन जिमी राईलाई वैदेशिक रोजगारीको सिलसिलामा दुबई जानको लागि रू. १,५०,०००।- (एक लाख पचास हजारमात्र) बुझाएको भन्ने पेस भएको सक्कल लिखत व्यहोराबाट देखिएकोमा विवाद भएन । वादी नेपाल सरकारले अभियोग माग दाबी लिँदा यी जाहेरवालालाई दुबईसम्म पुगी फर्किँदा लागेको अन्य खर्चसमेत गरी रू २,३२,०००।- र सोको ५० प्रतिशतले हुने हर्जाना रू. १,१६,०००।- समेत जम्मा रू. ३,४८,०००।- जाहेरवालाले दिलाई भराई पाउँ भनी दाबी लिएको देखिन्छ । जाहेरवाला आउँदा जाँदा लागेको खर्चको दाबी लिएको देखिए तापनि कति रकम खर्च भएको हो यकिन अङ्क अभियोगमा उल्लेख गर्न एवम् सोलाई प्रमाणित गर्ने सबुद प्रमाणहरू पेस गर्न सकेको देखिँदैन । लागेको वास्तविक खर्चको यकिन विवरण नै नभएको अवस्थामा बिगो रू. १,५०,०००।- को हर्जाना स्वरूप ५० प्रतिशतले हुने रकम रू. ७५,०००।- समेत गरी जम्मा रू. २,२५,०००।- भरिपाउने ठहर गरेको वैदेशिक रोजगार न्यायाधिकरणको फैसलालाई त्रुटिपूर्ण मान्न नमिल्ने ।

बिना इजाजत जाहेरवालालाई वैदेशिक रोजगारको लागि दुबई पठाएको अभियोगमा यी प्रतिवादीलाई ३ वर्ष कैद, रू. ३,००,०००।- (तीन लाखमात्र) जरिवाना हुने र जाहेरवालाले रू. २,२५,०००। (दुई लाख पच्चीस हजारमात्र) भराई पाउने ठहर गरी भएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६९।६।७ को फैसला

मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: ईश्वर पराजुली
कम्प्युटर: विकेश गुरागाईं
इति संवत् २०७२ साल असार १० गते रोज ५ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७०-RC-००७६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बलबहादुर पुनसमेत*

जाहेरवाला थानबहादुर मल्लले मौकाको जाहेरीलाई समर्थन गर्दै अदालतसमक्ष बकपत्र गर्दा वारदातका विषयमा उल्लेख गरी जाहेरी आफूले दिएको, भाइ महेन्द्र मल्लको मृत्यु प्रतिवादीहरूले निजलाई कुटपिट गर्दासमेत सोही कारणबाट निजहरूकै कर्तव्यबाट भएको हो। विवाद केही भएको होइन भन्नेसमेत व्यहोरा उल्लेख गर्दै बकपत्र गरेको देखियो । यी प्रतिवादीहरूउपर लागेको अभियोगका सम्बन्धमा निजहरू न्यायिक प्रक्रियाभित्र रही निजहरूले आफूलाई लागेको अभियोगका सम्बन्धमा केही कुरा भन्न सकेको भए निजहरूका हकमा प्रस्तुत वारदातका सम्बन्धमा थप प्रमाणको विवेचना हुनसक्ने अवस्था रहनेमा सो अवस्था पनि प्रस्तुत मुद्दामा रहेन । वारदातमा यी प्रतिवादीहरू संलग्न भई महेन्द्र मल्लउपर कुटपिट गरी प्रतिवादीहरू बलबहादुर पुन र प्रेमप्रसाद जैसीसमेतको चोटबाट निजको मृत्यु भएको तथ्य सहअभियुक्त दुर्गाबहादुर पौडेलको बयान तथा मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भएको यस्तो अवस्थामा निजहरू कसुरदार होइनन् भन्न नसकिने हुँदा प्रतिवादी बलबहादुर पुन र प्रेमप्रसाद जैसीसमेतको कुटपिटबाट महेन्द्र मल्लको मृत्यु भएको पुष्टि भै निज प्रतिवादीहरूले ज्यानसम्बन्धीको १ नं. विपरीतको कसुर गरेको हुँदा निजहरूका हकमा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरि भएको सुरू बागलुङ जिल्ला अदालतको मिति २०६७।६।३ को फैसला र सोही फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, बागलुङबाट मिति २०७०।९।1 मा भएको फैसला मिलेकै देखिँदा निजहरूका हकमा साधक सदरसमेत हुने।
इजलास अधिकृत: विष्णुप्रसाद गौतम
कम्प्युटर: मन्जिता ढुङ्गाना
इति संवत् २०७२ साल जेठ २९ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-०८८२, जबरजस्ती करणी, *डाकबहादुर कार्की वि. नेपाल सरकार*

आफ्नो लोग्नेको सत्यमा रहेकी र गर्भवती अवस्थामा रहेकी पीडितले आफ्नो नारी अस्मितालाई जोखिममा पार्ने गरी प्रतिवादीलाई नै किटान गरी जबरजस्ती करणीको झुट्टा व्यहोरा नलेखाउनु पर्नेमा प्रतिवादीलाई नै स्पष्टरूपले किटान गरेर जाहेरी दिई सो जाहेरीको व्यहोरालाई अदालतमा आई समर्थन गरेकोसमेतबाट प्रतिवादीउपरको कसुर शङ्कारहित तवरले पुष्टि भएको देखिन्छ । विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनबाट पीडितको लुगामा मानव वीर्य देखा परेको उल्लेख भएको छ भने प्रतिवादी पीडित सुतेको ओछ्यानमा नाङ्गै अवस्थामा सुतेको भेटिएको छ । यी प्रमाणहरूले प्रतिवादीको इन्कारी भरपर्दो प्रमाणले खण्डन भएको देखिने।

पीडितको जाँच गर्ने डाक्टरको रिपोर्टमा योनीमा कुनै चोट पटक नदेखिएको भनी लेखाएको भएपनि विवाहिता महिलाको योनीमा करणी गर्दा घर्षण हुने जस्ता सामान्य चोट पटकका चिन्हहरू नदेखिनुलाई अस्वाभाविक मान्न मिल्दैन। जबरजस्ती करणीको अपराध गम्भीर र संवेदनशील अपराध भएको

र यस्तो अपराधमा महिलाको इज्जतमाथि गम्भीर अतिक्रमण गरिएको हुने हुँदा आफ्नो इज्जतलाई जोखिममा पार्ने गरी कुनै पनि विवाहिता महिलाले झुट्टा र बनावटी कुरा रचि कुनै पनि परपुरूषमाथि जबरजस्ती करणीको आरोप लगाएकी होलिन् भनेर सामान्यतया कल्पनासम्म पनि गर्न सकिन्न। प्रस्तुत मुद्दामा पीडितले प्रतिवादीउपर झुट्टा आरोप लगाउनु पर्ने त्यस्तो कुनै तथ्ययुक्त प्रमाण रहेको कुरा पनि मिसिलबाट देखिँदैन। प्रतिवादीको इन्कारीको स्वतन्त्र र भरपर्दो प्रमाणले पुष्टि हुन नसकिरहेको स्थितिमा प्रतिवादी अभियोगअनुसारको कसुरदार रहेनछन् भन्न मिलेन। यस्तो अवस्थामा प्रतिवादीलाई जबरजस्ती करणीको कसुरदार ठहर गरी सजाय गरेको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको फैसला अन्यथा देखिन नआउने हुँदा प्रतिवादी डाकबहादुर कार्कीलाई अभियोगमा माग दाबी लिएबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम ५ (पाँच) वर्ष र सोही महलको ३क नं. बमोजिम ५ (पाँच) वर्ष थप कैदसमेत हुने ठहर्‍याई उदयपुर जिल्ला अदालतले गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।१।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल मङ्सिर २४ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-०९१५, कर्तव्य ज्यान र जबरजस्ती चोरी, *सुवास पुनसमेत वि. नेपाल सरकार*

वादीहरूउपर किटानी जाहेरी परेको तथा मृतकहरू बीरबहादुर गुरूङ र सीरकुमारी गुरूङलाई आफूहरूले कर्तव्य गरी मारेकामा प्रतिवादीहरू दुवैजना अधिकारप्राप्त अधिकारी एवम् अदालतमा समेत साबित रहेको अवस्था देखिन्छ। अदालतमा स्वतन्त्ररूपमा प्रतिवादीहरूले अपराध स्वीकार गरेको देखिएकाले निजहरूको कसुर निर्विवादरूपमा स्थापित भएको देखिने।

प्रतिवादीहरू दुवैजनाको उद्देश्य मृतकहरूलाई कर्तव्य गरी मारी त्यहाँ भएको धनमाल चोरी गरी लाने नै रहेको भन्ने कुरा घटनाको परिस्थितिको अध्ययनबाट स्पष्ट हुन्छ। आवेशमा कसैको हत्या गरी भाग्नेले कानमा लगाएको गहना र पैसासमेत चोरी गरी लान नपर्नेमा लिई हिँडेको अवस्था देखिँदा प्रतिवादीहरूको मनसाय मृतकहरूलाई मारी चोरी गरी भाग्ने नै रहेको भन्ने स्पष्ट हुन्छ। प्रतिवादीहरूको उद्देश्य चोरी गर्नेमात्र हुन्थ्यो भने सुनका गहना र पैसा पाइसकेपछि घटनास्थलबाट हिँड्नु पर्नेमा त्यसो नगरी प्रतिवादीहरूले हत्याको शृङ्खलालाई जारी नै राखेको देखिएकाले प्रतिवादीहरूले आवेशप्रेरित हत्याको कसुर गरेको भनी मान्न नमिल्ने।

प्रतिवादीहरूले कार्यको परिणामको पूर्वज्ञान राखेरै मृतकहरूलाई प्रहार गरेको अवस्था देखिँदा प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र चोरीको महलको १४(२) नं. बमोजिम जनही १(एक) महिना १५(पन्ध्र) दिन कैद तथा चोरी भएको बिगो रू. २९,३३५।०० (उनन्तीस हजार तीन सय पैंतीस रूपैयाँ) को डेढी रू. ४४,००२।५० (चौवालीस हजार दुई रूपैयाँ पचास पैसा) जरिवानासमेत गरी चोरीतर्फको थप सजाय गर्न मिलेन भनी सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल मङ्सिर २४ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-०९३०, नाता कायम, *शङ्कर श्रेष्ठ वि. निराजन श्रेष्ठ*

वादीले पेस गरेको मिसिल संलग्न महेन्द्र माध्यामिक विद्यालयको मिति २०६४।३।८ को एस.एल.सी. टेष्ट पास गरेको ट्रान्सफर सर्टिफिकेटमा वादीको नाम निराजन श्रेष्ठ र बाबुको नाममा शङ्कर श्रेष्ठ भन्ने उल्लेख भएको देखिन्छ । सो सर्टिफिकेटमा उल्लिखित शङ्कर श्रेष्ठ अरू नभएर यिनै पुनरावेदक भएको भनी वादीले नाता कायम गरिपाउँ भनी दाबी गरिसकेपछि आफ्नो सामान्य इन्कारी किसिमको प्रतिउत्तरसम्म दिएको देखिन्छ । दाङमा बस्ने वादीले भक्तपुरमा बस्ने प्रतिवादीलाई बिनाआधार कारण त्यसै बाबु नाता पर्छ भनी फिराद लिई आएका होलान् भनी भन्न नसकिने ।

नाता नै नपर्ने व्यक्तिलाई बाबु भनी दाबी लिन मिल्ने भए यिनै पुनरावेदक प्रतिवादीलाई बाबु नाता पर्छ भनी वादीले फिराद लिई नआउनु पर्ने र बाबुजस्तो नजिकको नाता जो पायो त्यही व्यक्तिलाई पर्छ भनी दाबी गर्ने कुरा पनि हुँदैन । यस सम्बन्धमा प्रतिवादीको चित्त बुझ्दो किसिमबाट फिराद दाबीको खण्डन आउन सकेको मिसिलबाट देखिँदैन । अन्य प्रमाणबाटै वादी दाबी पुष्टि हुन्छ भने डि.एन.ए. परीक्षणको सहारा लिनुपर्ने अवस्था पनि पर्दैन । वादीको फिराद दाबीलाई साक्षीहरूको बकपत्रले समेत पुष्टि गरेको देखिएको र प्रतिवादीले आफ्नो इन्कारी प्रतिउत्तरको समर्थनमा कुनै साक्षी प्रमाण गुजार्न नसकेकोबाटै वादी दाबीको पुष्टि भई रहेबाट वादी प्रतिवादीका छोरा होइनन् भन्न मिल्ने भएन । वादीले आफ्नो दाबी साक्षीहरूको बकपत्रबाट पुष्टि गराएको र प्रतिवादीले आफ्नो इन्कारी प्रतिउत्तरलाई साक्षी प्रस्तुत गरी प्रमाणित गर्न नसकेकोबाट वादी दाबी प्रमाणित भएकै देखिन्छ । यसरी वादी दाबीको पुष्टि भएकै हुँदा वादी प्रतिवादीबिच बाबु छोराको नाता कायम हुने ठहर्‍याएको दाङ जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल मङ्सिर २३ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-१४१८, लागु औषध खैरो हेरोइन, *नेपाल सरकार वि. सुमन बानियासमेत*

अधिकारप्राप्त अधिकारीसमक्ष सेवनमा साबित हुँदैमा अन्य स्वतन्त्र प्रमाणले समर्थित नहुँदासम्म त्यस्तो साबितीको प्रमाणिक महत्त्व हुँदैन । साबितीलाई वादी पक्षले अन्य स्वतन्त्र प्रमाण पेस गरेर प्रमाणित गराउन सकेको देखिन्न । यदि निजहरू सेवनकर्ता हुन्थे भने निजहरूको साथबाट सानोमात्राकै भए पनि लागु औषध बरामद हुन पर्ने हो । निजहरूबाट नगन्यमात्रामै भए पनि लागु औषध बरामद हुन सकेको देखिन नआउने ।

सेवन गर्ने भनिएको लागु औषध नै निजहरूको सँगसाथबाट फेला नपरेको र निजहरू पहिलेदेखि नै लागु औषधका सेवनकर्ता भई वारदातको दिन पनि सेवन गर्ने प्रयोजनको लागि लागु औषध खरिद गरी साथमा राखेका हुन् भन्ने कुराको प्रमाणसहित निजहरूउपरको आरोप वादी पक्षले पुष्टि गराउन सकेको नदेखिने ।

शरीरबाट रकम बरामद हुँदैमा त्यो रकम लागु औषध बिक्री गरेरै कमाएको हो भनी अनुमान गरेर उक्त रकम जफत गर्न मिल्दैन । लागु औषध बरामद हुनु र रकम बरामद हुनु अलगअलग कुरा हो । त्यो बरामद भएको रकम लागु औषध बिक्रीबाटै आर्जित भएको भन्ने सम्बन्धमा पर्याप्त प्रमाण चाहिने ।

प्रतिवादीहरू पदमबहादुर तामाङ र वुद्धि पुनले अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादीमध्येको सुमन बानियाको साथबाट बरामद भएको रू.२०,०००।- (बीस हजार रुपैयाँ) जफत गर्न प्रमाणले नमिल्ने भनी भएको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१०।०८।१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल मङ्सिर २३ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-RB-००६९, भारतीय ट्रक चोरी पैठारी, *अमलेस घोषसमेत वि. नेपाल सरकार*

ढुवानी सेवामा प्रयोग भई राख्नुपर्ने सवारी साधनहरू धेरै दिनसम्म बेवारिसे अवस्थामा लुकाई राख्नु पर्ने कारणमा प्रतिवादीहरूले ऋणबापतको मासिक किस्ता समयमै बुझाउन नसकेकाले भारतमै राख्दा कम्पनीले जफत गरिदिने डरले एक दिनको अस्थायी पैठारीको अनुमतिसमेत लिई नेपालमा राखिएको भने पनि सो भनाइमा कानूनसङ्गत र तर्कसङ्गत आधार नदेखिने।

अस्थायी पैठारीको लागि लिइएको अनुमतिको समय भुक्तान भएको लामो समयसम्म बेखबर अवस्थामा ट्रकहरूलाई नेपाली भूभागमै छोडी राख्नु र हक दाबीको सूचना प्रकाशित भएपछिमात्रै ट्रकहरूको दाबी गर्न आउने प्रतिवादीको आचरण नै शङ्कास्पद देखिने।

ऋणको मासिक किस्ता नबुझाएको कारणले वित्तीय कम्पनीले ट्रकहरू जफत गरिदिने भय देखाई विवादित ट्रकहरू नेपाल ल्याई लुकाई राखेको भन्ने प्रतिवादीहरूको भनाइ नै विश्वाशलायक देखिँदैन । आफूले ऋणमा लिएका ट्रकहरूलाई वित्तीय कम्पनीले जफत गर्नसक्ने जोखिम भएपनि सोसम्बन्धी कानूनी उपचार आफ्नै देशभित्र नखोजी नेपाल ल्याई नेपालको भूभागमा राख्न पाउने कानूनी समयसीमा पनि नघाई बेखबर अवस्थामा बसी राखेको प्रतिवादीहरूको आचरण र व्यवहारबाटै विवादित ट्रकहरूको सम्बन्धमा निजहरूले लिएको जिकिर भ्रमयुक्त देखिन्छ। जोखिमको निवारण जोखिम नै हुन सक्तैन । आर्थिक ऐनविपरीत नेपाली भूभागमा लुकाइराखेको आवस्थामा भेटिएका ट्रकहरूलाई भारतमा वित्तीय कम्पनीले जफत गर्नसक्ने भएकाले लुकाई राखिएको भन्ने प्रतिवादीहरूले जिकिर लिएबाटै नेपालमा सामान ढुवानीकै लागि उक्त ट्रकहरू प्रवेश गरेका रहेछन् भन्ने कुरा नै विवादास्पद देखिने।

व्यक्तिगत सम्पत्तिउपर भारतीय वित्तीय कम्पनीको कानूनअनुसार परेको जोखिमको निवारणार्थ नेपाली भूभागको प्रयोग गर्ने कुरा कानूनी हुन नसक्ने एकातर्फ छँदै छ भने भन्सार कार्यालयबाट अस्थायी पैठारीको अनुमति लिएको समयसीमा भुक्तान भइसकेको लामो समयसम्म पनि सवारी साधन नेपाली भूभागमै लुकाइराखेको अवस्थामा भेटिएकालाई कानूनी उद्देश्यले राखेको भन्न नमिल्ने कुरा अर्कोतर्फ रहेको छ। यस्तो अवस्थामा प्रतिवादीहरूले भन्सार कार्यालयमा भरेको प्रज्ञापनपत्र कानूनी उद्देश्यले भरेका रहेछन् भन्ने कुरा नै विवादास्पद देखिने।

विवादित ट्रकहरू नेपाल ल्याउँदा प्रतिवादीहरूले भरेको प्रज्ञापनपत्रअनुसारको अस्थायी पैठारी अनुमति पाएको अवधिभन्दा बढी अवधिसम्म नेपाल सरहदभित्र राखी त्यसरी राख्नुको मनासिब कारण पनि भन्सार कार्यालयलाई नदिएको देखिँदा ती ट्रकहरू भारतबाट नेपाल ल्याउनुको उद्देश्यसमेत स्पष्ट नभएको, भारततर्फ वित्तीय कम्पनीको मासिक किस्ता बुझाउने सम्बन्धमा अनुकूल वातावरण मिलाउने भन्ने

कुरा पनि कानूनी तर्कमा आधारित नरहेको र राख्न पाउने कानूनबमोजिमको अवधिभन्दा बढी अवधि राख्नुको मनासिब कारण पनि प्रतिवादीहरूले दिन नसकेबाट विवादित १४(चौध) थान ट्रकहरू नेपाल प्रवेश गर्दा प्रवेश गर्ने उद्देश्य स्पष्ट नगरी र नेपालमा रहने समयसीमाभन्दा अत्याधिक बढी समयसम्म लुकाइराखेको अवस्था भएकाले १४ (चौध) वटै भारतीय नम्बरका ट्रकहरू आर्थिक ऐन, २०६६ को अनुसूची १ को दफा १२ को उपदफा ३ को खण्ड (घ) अनुसार जफत गर्ने गरी मेची भन्सार कार्यालयले गरेको निर्णय सदर गरेको राजस्व न्यायाधिकरण, विराटनगरको मिति २०६९।८।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल मङ्सिर २३ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-१२४८, ०६८-CR-०४७८, ०४७९, जबरजस्ती करणी, *नेपाल सरकार वि. रमेश तामाङ, सविन कार्की वि. नेपाल सरकार, महेश दर्जी वि. नेपाल सरकार*

सहअभियुक्तहरू महेश दर्जी एवम् सविन कार्कीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान कागजबाट समेत प्रतिवादी रमेश तामाङले पीडितलाई जबरजस्ती करणी भन्ने गरेको नदेखिँदा प्रतिवादी रमेश तामाङले जबरजस्ती करणीको पूर्ण अपराध गरेको भन्ने कुरा सबुत प्रमाणबाट पुष्टि हुन सकेको देखिएन । यस्तो अवस्थामा निज रमेश तामाङलाई पनि अन्य प्रतिवादीसरह नै अभियोग दाबीअनुसार जबरजस्ती करणीको पुरै सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

सुरूको फैसला उल्टी गरी निजलाई जबरजस्ती करणीको उद्योगको मात्र कसुरदार ठहर्याई सोबमोजिमको सजाय गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला निज प्रतिवादी रमेश तामाङको हकमा समेत अन्यथा नहुँदा परिवर्तन गर्न नपर्ने हुँदा पुनरावेदक प्रतिवादी रमेश तामाङले जबरजस्ती करणीको उद्योगको कसुर गरेकोसम्म देखिएकाले निजको हकमा सुरूको इन्साफ उल्टी गरी निजलाई मुलुकी ऐन, जवर्जस्ती करणीको महलको ५ नं. बमोजिम ऐ. ऐनको ३ नं. र ३क. नं. ले हुने सजायको आधा अर्थात् ५ वर्ष ६ महिना कैद हुने भनी र अन्य प्रतिवादीहरू महेश दर्जी र सविन कार्कीलाई जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम ६(छ) वर्ष कैद एवम् सामूहिक करणी गरेको ठहर्याई ऐ. महलको ३क. नं. बमोजिम ५(पाँच) वर्ष कैदसमेत गरी जनही ११ (एघार) वर्ष कैद सजाय गर्ने गरेको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।११।०४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको र प्रतिवादीहरूको समेत पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल असोज २९ गते रोज ४ शुभम्।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-०९०९, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. पुण्डरी भन्ने रामबहादुर बि.क.*

अदालतको इन्कारीलाई स्वतन्त्र प्रमाणबाट प्रतिवादीले प्रमाणित गर्न नसकेको र प्रहरीमा भएको बयान व्यहोरा र सहिछापलाई अन्यथा भन्न नसकेको समेतबाट अदालतको इन्कारीलाई मात्र आधार मानी प्रतिवादीले पीडितलाई भारत बम्बई पुर्याउने कार्य नै

नगरेको भनी मान्न नमिल्ने।

पीडित भारतको बम्बईमा मीना दिदीको होटलमा काम गर्न नसकी पुनः अन्तरे बाजे भन्ने प्रेम प्रकाश तामाङकै कोठामा पुगी रूँदै नेपाल पुर्‍याई दिनु भनेपछि निज प्रेम प्रकाशले कर्म भन्नेको साथ लगाई नेपाल फिर्ता गरेकोसमेतका तथ्ययुक्त प्रमाण कागजहरूको विश्लेषण गर्दा निज पीडितलाई बम्बईमा बिक्री गरेको, वेश्यावृत्तिमा लगाएको वा त्यस्तो गर्ने उद्देश्यले भारतको बम्बैमा लगेको भन्ने कुराको भरपर्दो प्रमाणको अभाव रहेबाट पीडितलाई प्रतिवादीले भारत बम्बई पुर्‍याइएको भए पनि त्यहाँ पीडित क कुमारीलाई घरेलु कामदारको रूपमा राखी श्रमको शोषणसम्म गरेको तथ्य स्थापित भएको देखिन आउने।

प्रतिवादीले पीडितलाई अभिभावकको मन्जुरीबेगर घरेलु कामदारको रूपमा श्रमको शोषण गर्ने उद्देश्यले भारत बम्बईमा पुर्‍याई त्यहाँ घरेलु कामदारको रूपमा राखी श्रमको शोषण गर्ने कार्यको कसुर गरेको पाइएबाट प्रतिवादी रामबहादुर बि.क.को कार्य मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ उपदफा (२) को देहाय (ख) विपरीतको देखिन आएकाले निजलाई सोही ऐनको दफा १५ को उपदफा (१) को देहाय (च) बमोजिम शोषण गर्ने उद्देश्यले नाबालिकालाई विदेश लगेको कसुरमा ५(पाँच) वर्ष कैदको सजाय हुने ठहर्‍याई गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।०३।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीलाई अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल असोज २९ गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-१३१०, कर्तव्य ज्यान, *मदनकुमार खापुङ (लिम्बू) वि.नेपाल सरकार*

चिललाई मार्नलाई बन्दुक ताक्ने स्वस्थ अवस्थाको मान्छेले मानिसहरू कुराकानी गरिरहेको दिशातर्फ नै बन्दुक ताकेर गोली चलाउने अवस्था पनि हुँदैन। अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा प्रतिवादीले ढोकाभित्रबाट बन्दुकको नाल ढोकाबाहिर निकाली बढीआमाको पछाडि डडाल्नोमा ताकी भरूवा बन्दुक प्रहार गरेको भनेको छ। अदालतको निजको बयानअनुसार यदि चिललाई नै मार्ने उद्देश्यले बन्दुक चलाएको हुन्थ्यो भने ढोकाभित्रबाट बन्दुकको नाल बाहिर निकाली चिललाई ताक्न सहज नहुने हुँदा प्रतिवादीको भनाइ प्रतिततलायक देखा पर्दैन। यसबाट पनि चिललाई मार्नलाई बन्दुक चलाएको भन्ने अदालतको प्रतिवादीको बयान नै सत्यमा आधारित नभई ढोकाभित्रबाट लुकेर बढीआमालाई नै बन्दुक प्रहार गरेको रहेछ भनी मान्नुपर्ने।

सजायबाट छोरालाई जोगाउन पर्ने आमाले नै छोरामाथि पोल गरेको कुरालाई सूक्ष्मरूपले अध्ययन गर्दा घटना मृतकलाई मार्न नै भनी घटाइएको भन्ने कुराको निष्कर्षमा पुग्न सकिन्छ। प्रतिवादी देउमाया खापुङ्गको उक्त बयान व्यहोराको विश्लेषणबाट समेत प्रतिवादी मदनकुमार उपरको कसुर प्रमाणित भएकै देखिन्छ। प्रहरीमा कागज गर्ने सीता खापुङ्ग समेतले अदालतमा बकपत्र गर्दा प्रहरीसमक्ष गरेको कागजलाई समर्थन गर्दै प्रतिवादीसमेत उपर पोल गरी बकपत्र गरेको देखिने।

मिसिल संलग्न प्रमाण कागजहरूको अध्ययन एवम् विश्लेषणबाट टेकमाया लिम्बूको मृत्यु प्रतिवादी मदनकुमार खापुङ्गले चलाएको बन्दुकको

गोली लागेको कारणबाट नै भएको भन्ने कुरामा कुनै शङ्का गर्ने ठाउँ देखिएन । कम सजायको अपेक्षा गरी आफूले मनसायपूर्वक नै घटाएको अपराधलाई भवितव्यको संज्ञा दिई अदालतमा बयान गरेको भए पनि प्रतिवादीको भवितव्यतर्फको जिकिर स्वतन्त्र र भरपर्दो प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन । यस्तो अवस्थामा निज प्रतिवादी मदनकुमार खापुङ्गलाई अभियोग दाबीबमोजिम सजाय गरेको सुरू अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, धनकुटाको फैसला अन्यथा नदेखिई परिवर्तन गर्नु पर्ने अवस्थाको नदेखिँदा प्रतिवादी मदनकुमार खापुङ्ग लिम्बूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरी प्रतिवादीहरू दिलकुमार खापुङ्ग (लिम्बू) र देउमाया खापुङ्ग (लिम्बू) लाई सफाई दिई सुरू तेह्रथुम जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०६७।०९।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल असोज २९ गते रोज ४ शुभम्।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-०९६२, कर्तव्यद्वारा घरमा आगोलागी, *अगमबहादुर राई वि.नेपाल सरकार*

अदालतको बयानमा भने निज प्रतिवादीले रातको समय भएकाले उज्यालोको लागि लिएको राँकोबाट भुलबस आगो लाग्न गएको भनेको देखिन्छ । अदालतमा भुलबस आगो लाग्न गएको भनी भनेको भए पनि जाहेरवालाहरूले जाँड खान नदिएको कारण जाहेरवालाहरूप्रति निजले रिसइबी राखेको र निजले पहिलेदेखि नै जाँड खाई मातेको अवस्थामै जाहेरवालाहरूको घरमा जाँड माग्न गएको हुँदा निजले भुलबस आगो लाग्न गएको भनेको कुरा पत्यारलायक नदेखिने।

घरभित्र मानिस भएको जानीजानी प्रतिवादीले आगो लगाएको अवस्था हुँदा र प्रतिवादीले मानिससमेतलाई लक्षित गरेर भद्र रानाको घरमा आगो लगाएको र पछि भद्र रानाको घरमा लगाएको आगो भिममईती राईको घरमासमेत सल्किन पुगी दुवै जाहेरवालाहरूको घर र घरमा रहेका भाँडा वर्तन लत्ताकपडासमेतका मालसामान जली नष्ट भएको पाइँदा प्रतिवादीले मान्छेसमेतको ज्यान लिने मनसाय राखेर आगो लगाएको स्पष्ट भएको देखिन्छ । आफूले गरेको कसुर अज्ञानतावस आपराधिक मनसायरहित अवस्थामा गरेको भनी कम सजायको दाबी लिने पक्षले नै सब कुराको प्रमाण पुर्‍याउनु पर्ने हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीले आफ्नो निर्दोषिता शङ्कारहित तरिका र वस्तुपरक ढङ्गले पुष्टि गर्न सकेको नदेखिने।

जाहेरवाला भीममईती रानाले अदालतमा बयान गर्दा रातको समय भएकाले प्रतिवादीलाई जाँड खान नदिएकीले निजले अब को कसलाई मार्छु भनी भाटा ठटाएको भनेकी र मौकामा कागज लेखाउने भक्तबहादुर राईले घरमा आगो लाग्यो भनी जाहेरवालासमेतले गरेको होहल्ला सुनी घटनास्थलतर्फ आउँदै गर्दा बाटोमा प्रतिवादीले राँको बोकी आउँदै गरेको अवस्थामा भेटिएको र निजले घरमा आगो लगाएँ भनेको भनी कागज लेखाइदिनुको साथै अदालतमा समेत प्रतिवादीलाई नै पोल गरी बकपत्र गरेकोबाट जाहेरवालाहरूको घरमा आगो लगाउने प्रतिवादीबाहेक अरू कोही कसैको संलग्नता नरही प्रतिवादी एक्लैले सो कार्य गरेको प्रमाणले पुष्टि भएको हुँदा र रातको समयमा घरभित्र मानिस बसिरहेको अवस्थामा आगो लगाइएको भएबाट मानिससमेतलाई मार्ने नियतले नै आगो लगाएको प्रष्ट देखिँदा ज्यानसम्बन्धीको १५

नं. बमोजिम प्रतिवादीलाई ५ वर्ष कैद गरेकोलाई सदर गरेको सुरूको सदर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

पुनरावेदन अदालतले कायम गरेको नोक्सानीको बिगोभन्दा घटी नोक्सानी भएको हो भन्ने सम्बन्धमा प्रतिवादीले विवेकसङ्गत आधारमा खण्डित गर्न सकेकोसमेत नदेखिने ।

पुनरावेदन अदालत, धनकुटाले दुईवटा घरमा आगो लागेको अवस्थामा दुईवटा घरमा हुने धनमालको समेत विवेकसङ्गत ढङ्गले आँकलन गरी कायम गरेको बिगोको अङ्कसमेतको कुरामा परिवर्तन गर्न पर्ने आधारसमेत नहुँदा सो फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा जाहेरवाला भद्र राना राई र भीममईती राईको घरमा आगो लगाई भद्रराना राईको रू.४,५०,०००।०० (चारलाख पचास हजार रूपैयाँ) र भीममईती राईको रू. ५,००,०००।०० (पाँच लाख रूपैयाँ) नोक्सान पारेको ठहर्‍याई प्रतिवादी अगमबहादुर राईबाट उल्लिखित बिगो जाहेरवालाहरूलाई भराई दिने, आगो लगाउनेको २ नं. को सन्दर्भमा ज्यानसम्बन्धीको १५ नं. बमोजिम प्रतिवादीलाई ५ (पाँच) वर्ष कैद सजाय हुने, चौपायाको महलको १ नं. विपरीत ऐ. ११ नं. को कसुर अपराध भने प्रतिवादिले गरेकै हुन् भनी अनुमानको भरमा सजाय गर्न कानूनत: नमिल्ने भई चौपायाको महलको ११ नं. बमोजिम प्रतिवादीलाई १२ वर्ष कैद हुने भनी गरेको हदसम्मको सुरूको फैसला उल्टी हुने, आगोलागीबाट सबै मानिसहरू सकुशलै रहेबाट सुन चाँदी गरगहना मानिसहरूका शरीरमै रहिरहेको सन्दर्भमा गरगहना नोक्सानी भएको भन्नेतर्फको दाबी पनि अविश्वसनीय देखिएको भनी गरगहनाको बिगो नोक्सानीको हदसम्ममा पनि सुरूको फैसला केही उल्टी हुने भन्नेसमेतको पुनरावेदन अदालत, धनकुटाको मिति २०६७।०२।१० को फैसला अन्यथा नभई मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल कात्तिक ४ गते रोज ३ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-WO-०७५५, उत्प्रेषण/परमादेश, *हेमनकुमार राई वि. जिल्ला सरकारी वकिल कार्यालय, बबरमहल, काठमाडौंसमेत*

रिट निवेदक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत एक्मी इन्जिनियरिङ्ग कलेजको विद्यार्थी भई निज उक्त परिषद्ले सञ्चालन गर्ने परीक्षाको परीक्षार्थी रहेको कुरामा विवाद छैन । जहाँसम्म यी रिट निवेदकको परीक्षाको प्रवेशपत्रमा निजको फोटो हटाई निजको दाजु प्रेम राईको फोटो टाँसी नक्कली परीक्षार्थी बनी निवेदकको सट्टामा निजको दाजु परीक्षामा संलग्न भएको भन्नेतर्फ हेर्दा यी रिट निवेदकले उक्त कार्यमा निजको संलग्नता नरहेको भनी अभियोग दाबीलाई खण्डन गरी रिट निवेदनमा स्पष्टरूपमा उल्लेख गरी निज कसुरमा संलग्न नरहेको कुरालाई कहीँ कतैबाट पुष्टि गर्न सकेका छैनन् । केवल मलाई आकर्षित नहुने ऐन र कानूनको प्रयोग गरी लगाइएको अभियोग गैरकानूनी छ भनी निवेदनमा जिकिर लिएको देखिँदा यी रिट निवेदकले आफ्नो परीक्षा दाजुलाई दिन नलगाएको भन्ने कुराको पुष्टि हुन नआउने ।

रिट निवेदकउपर शिक्षा ऐनअन्तर्गतको कसुरमा अधिकारप्राप्त अदालतमा कानूनबमोजिम अभियोगपत्र दायर भई निजका नाममा अदालतबाट जारी भएको समाह्वान निज आफैँले बुझी म्यादभित्रै

हाजिर भई मुद्दाको कारवाहीमा समेत सरिक भइसकेको मिसिलबाट देखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुनसक्ने नदेखिने हुँदा रिट निवेदनमा उल्लिखित निजका विरूद्ध शिक्षा ऐनअन्तर्गतको कसुरसम्बन्धी मुद्दा काठमाडौं जिल्ला अदालतसमक्ष कानूनबमोजिम दायर भै विचाराधीन रहेको र सो सम्बन्धमा सोही अदालतबाट विचार हुनसक्ने नै हुनाले अदालतमा मुद्दा दर्ता भई विचाराधीन रहेको मुद्दाको कारवाहीलाई प्रभावित हुने गरी निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्थाको विद्यमानता रहेको नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल माघ ५ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०४८९, जबरजस्ती करणी उद्योग, *नेपाल सरकार वि. गम्भीर भन्ने बिसे नेपाली*

जबरजस्ती करणी उद्योगको सजायको साथै जबरजस्ती करणी भएसरह मानी उल्लिखित जबरजस्ती करणीको ३क नं. ले थप हुने सजायसमेत प्रतिवादीलाई थप गर्नुपर्छ भन्ने कानूनको उद्देश्य हो भनी व्याख्या गर्नु मनासिब नदेखिने हुँदा प्रतिवादी गम्भीर भन्ने विसे नेपाली रक्सीको नसामा चुर रहेको अवस्थामा शारीरिकरूपले अशक्त अपाङ्ग पीडित नाम परिवर्तन 'रीता थकाली' लाई उठाई जबरजस्ती करणी गर्ने प्रयास गर्दागर्दै जाहेरवाली 'क' कुमारीको उपस्थितिको कारण अपराधले पूर्णता नपाई जबरजस्ती करणीको उद्योगको कसुर ठहर भएको देखिएको र जबरजस्ती करणीको ३क नं. ले अपराध पूर्णरूपले घटित भएको अवस्थामा मात्र थप सजाय हुने कानूनको उद्देश्य रहेको देखिँदा उद्योगको कसुर ठहर भएपछि ३क नं. बमोजिम थप सजाय हुनुपर्दछ भनी वादी नेपाल सरकारबाट लिएको पुनरावेदन जिकिर न्यायोचित मान्न नमिल्ने ।

प्रतिवादीलाई जबरजस्ती करणीको उद्योगको साथै ऐ. को दफा ३क बमोजिमको थप सजायसमेत गर्ने गरी हुम्ला जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी जबरजस्ती करणीको उद्योगसम्म ठहर्‍याएको पुनरावेदन अदालत, जुम्लाको मिति २०६८/२/३१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६६-CR-०१३२, सार्वजनिक जग्गा खिचोला मिल घर उठाई चलन, *जगरनाथ राय यादवसमेत वि. बहादुर राय यादव*

नापी विभागको फिल्डबुक उतारको प्रतिलिपि, अदालतबाट भई आएको नक्सा एवम् वादीका साक्षीको बकपत्रसमेतको आधारमा जग्गा सार्वजनिक रहेको देखिन आयो । प्रतिवादीले घरेलु तथा साना उद्योग कार्यालयमा मिल दर्ता गराएको र बिजुली जडान गरेको आधारमा मात्र सार्वजनिक जग्गा निजी कायम हुन नसक्ने हुँदा वस्तुनिष्ठ जग्गाको प्रमाण भनेको जग्गाधनी प्रमाण पुर्जा र फिल्डबुकमा उल्लिखित नामको आधारमा जग्गाको सम्बन्धमा निर्णयमा पुग्नुपर्ने अवस्थामा उल्लिखित जग्गा रूख चौतारा भई सार्वजनिक भोगचलनमा रहेको देखिएको अवस्थामा मिल र अस्थायी प्रकृतिको घर टहरा निर्माण गरेको आधारमा प्रतिवादीको हकको हो भनी

मान्न नमिल्ने।

जग्गा नाप जाँच ऐन, २०१९ को दफा २(च) मा *कुनै व्यक्ति वा परिवारमात्रको नभई सबैको सार्वजनिकरूपमा उपभोग गर्न पाउने बाटो, गौचर, ताल, मसानघाट र अरू यस्तै जग्गालाई सार्वजनिक जग्गा भनिन्छ...* भन्ने उल्लेख भएबाट उल्लिखित जग्गा सबैको सार्वजनिक भोगमा रहेको देखिन्छ । यसरी सार्वजनिक जग्गामा बनाएको निजी घर र मिल कानूनतः हटाउनु पर्ने देखिन आयो । सार्वजनिक प्रयोजनका लागि रहेको पिपरीया गा.वि.स. वडा नं. ६ को कि.नं. १५५ को सार्वजनिक जग्गा कसैले पनि व्यक्तिगत प्रयोजनका लागि प्रयोगमा ल्याउन कानूनत: नमिल्ने हुँदा रौतहट जिल्ला, पिपरीया वडा नं. ६ को कि.नं. १५५ को जग्गा सार्वजनिक देखिएबाट सुरू रौतहट जिल्ला अदालतको फैसला उल्टी गरी विवादित जग्गाबाट प्रतिवादीको न.नं. ४ को कच्ची मिल उठाई उक्त जग्गा सार्वजनिक कायम हुने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६५।११।१३ गते भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गेहेन्द्र राज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत ९ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CI-१०५३, छुट दर्ता नामसारी, *गणेश महर्जन वि. दिग्विजयराज श्रेष्ठसमेत*

विवादित जग्गा पुनरावेदक वादी वा प्रत्यार्थी प्रतिवादी कसका नाउँमा दर्ता हुनुपर्ने हो भन्ने विषयमा हक बेहकको प्रश्न उपस्थित भएको देखियो । यसरी हक बेहकको प्रश्नमा प्रमाण बुझी निर्णय गर्ने अधिकार मालपोत कार्यालयलाई कानूनले प्रदान गरेको नदेखिने।

विवादित जग्गामा पुनरावेदक वादी गणेश महर्जन र विपक्षीहरूको दोहोरो दाबी पर्न आएको देखिँदा तेरोमेरो हक बेहकको प्रश्न कुनै पनि विवादमा उब्जेमा त्यसको निराकरण गर्ने अधिकारक्षेत्र विधायिकाले अदालतलाई प्रदान गरेको छ नकि मालपोत कार्यालयजस्तो अर्धन्यायिक निकायलाई यसरी विवादमा प्रमाण बुझी तेरो मेरोमा निर्णय गर्ने अधिकार मालपोत कार्यालयलाई कुनै कानूनले प्रदान नगरेकामा विवादित जग्गा गणेश महर्जनको नाउँमा दर्ता नामसारी गरेको मालपोत कार्यालय, ललितपुरको मिति २०६७।१२।३० को निर्णय अधिकारक्षेत्रको अभावमा त्रुटिपूर्ण देखिएकाले बदर गरिदिई तारेखमा रहेका दुवै पक्षलाई अदालतबाट हक कायम गरी ल्याउनु भन्ने ठहरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।०३।२६ को फैसला मिलेकै देखिन आउने।

पुनरावेदक वादी गणेश महर्जन र विपक्षी प्रतिवादी दिग्विजय श्रेष्ठसमेतको दोहोरो दाबी परेकाले तेरो मेरो हक बेहकको प्रश्नमा निर्णय गर्ने अधिकार मालपोत कार्यालयलाई कुनै कानूनले प्रदान नगरेको हुँदा विवादित जग्गा गणेश महर्जनको नाउँमा दर्ता नामसारी गर्ने गरेको मालपोत कार्यालय, ललितपुरको मिति २०६७।१२।३० निर्णय बदर गरी तारिखमा रहेका दुवै पक्षलाई अदालतबाट हक कायम गरी ल्याउनु भन्ने ठहर भएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।०३।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल माघ २९ गते रोज ५ शुभम्।

**३**

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-०८०५, जबरजस्ती करणी, *नेपाल सरकार वि. दुर्गाप्रसाद तामाङसमेत*

फौजदारी न्यायमा भूत प्रभावी कानून (ex-

post facto law) निर्माण गर्न नहुने भन्ने मान्य सिद्धान्त रहेको छ । यो सिद्धान्तअनुसार मुख्य गरेर दुईवटा कार्यलाई रोक लगाएको देखिन्छ । पहिलोमा कुनै कार्य गर्दाको अवस्थामा कानूनबमोजिम कसुर कायम नभएको तर पछि सो कार्यलाई कानून विरूद्धको कार्य बनाई कानून निर्माण गर्न नहुने र दोस्रोमा कसुर हुँदाको बखत कायम रहेको दण्ड सजायलाई बढाउने गरी पछि कानून निर्माण गर्न नहुने भन्ने नै हो । यसरी यो सिद्धान्तको मुख्य उद्देश्य नै राज्यसत्तामा रहेका मानिसहरूको मनोमालिल्यतालाई नियन्त्रण गरी कसुरदारको हक अधिकारको संरक्षण गर्नु नै हो । यथार्थमा यस सिद्धान्तले फौजदारी कानूनलाई पश्चात्दर्शी असर हुने गरी निर्माण गर्नलाई रोक लगाई अपराध गर्ने व्यक्तिहरूको हक अधिकारको संरक्षण गरेको देखिन्छ । तर यो सिद्धान्तको अपवादको (exception) रूपमा के पनि रहेको छ भने कसुर हुँदाको अवस्थामा कायम रहेको दण्ड सजायलाई कम गर्ने गरी पछि कानून निर्माण गर्न सकिने हुन्छ । राज्यले कुनै पनि कसुरको दण्ड सजायमा समय, काल र परिस्थिति विचार गरी कम गर्नसक्ने र यसले अपराध गर्ने व्यक्तिलाई थप मर्का पार्ने नभै बरू निजलाई सहुलियत प्रदान गर्दछ । यसरी अपराध गर्ने व्यक्तिलाई सुविधा प्रदान गर्ने गरी भूत प्रभावी कानून (ex-post facto law) निर्माण गर्न सकिने कुरालाई फौजदारी न्यायको सिद्धान्तमा स्वीकार गरिएको पाइन्छ र यस्तो कानून ex-post facto law भित्र नपर्ने हुन आउने ।

नेपाललगायतका धेरैजसो अन्य देशहरूले आफ्नो संविधानमा अपराध गर्ने व्यक्तिलाई असर पर्ने गरी पश्चात्दर्शी कानून निर्माण गर्ने कार्यलाई रोक लगाएको पाइन्छ भने अपराध गर्ने व्यक्तिलाई सुविधा हुने गरी पश्चात्दर्शी (ex-post facto law) कानून निर्माण गर्ने कार्यलाई रोक लगाएको नपाइने ।

कुनै कार्य वा त्रुटि गर्दाका बखत राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानूनअन्तर्गत त्यस्तो कार्य वा त्रुटि फौजदारी कसुर नहुने भएमा कुनै पनि व्यक्तिलाई त्यस्तो कार्य वा त्रुटिका लागि कुनै पनि फौजदारी कसुरको दोषी नबनाइने र फौजदारी कसुर गर्दाका बखत प्रचलित सजायभन्दा बढी सजाय पनि नगरिने भनी पश्चात्दर्शी कानून निर्माणमा रोक लगाएको पाइन्छ भने नेपाल पक्ष राष्ट्र भएको International Convenant on Civil and Political Rights १९६६ को धारा १५(१) मा कसुर गरेको समयमा विद्यमान रहेको दण्ड सजायलाई पछि नयाँ कानूनको निर्माण गरी पहिलाको दण्ड सजायमा कम गरिएकामा कसुरदारलाई सोको फाइदा प्राप्त हुनेछ भनी कसुरदारको सहुलियतको लागि सुविधाको सिद्धान्तलाई आत्मसात् गरेको पाइन्छ । यसरी उक्त प्रतिज्ञापत्रको व्यवस्थाबमोजिम कसुरदारलाई बढी सजाय हुने गरी पश्चात्दर्शी कानून (ex-post facto law) बनाउनलाई बन्देज लगाएको भए तापनि कसुरदारलाई फाइदा हुने गरी अर्थात् नयाँ बनेको कानून वा कानूनको संशोधित दफाले सजायमा कम गर्न सकिने र सोको फाइदा कसुरदारले पाउने हुँदा यसप्रकारको कानून पश्चात्दर्शी (ex-post facto law) नहुने गरी प्रष्ट पारेको पाइने ।

मुलुकी ऐन, जबरजस्ती करणीको १० नं को साबिकमा रहेको व्यवस्थालाई संशोधन गर्नुको विधायिकी मनसाय पनि के देखिन्छ भने एकातर्फ कसुरदारको आधा अंश सर्वश्व गर्ने प्रक्रियागत जटिलताले गर्दा पीडितले सर्वश्व गरिएको सम्पत्ति प्राप्त गर्न समय लाग्ने हुन्छ भने अर्कोतर्फ प्राप्त भएको अवस्थामा पनि सम्बन्धित ठाउँमा उपस्थित भै उक्त सम्पत्ति भोग गर्न पीडितलाई सहज नहुने हुन्छ । त्यसैगरी कुनै पनि कसुरमा पीडितलाई प्रदान गर्ने क्षतिपूर्ति निर्धारण गर्दा अदालतबाट कसुरको गाम्भिर्यता, पीडितको आर्थिक अवस्था र निजको मृत्यु भएको अवस्थामा निजमाथि आश्रित परिवार आदिको सूक्ष्मरूपमा विचार विमर्श

गर्नुपर्ने हुन्छ जुन कुरा साबिकको व्यवस्थामा सम्भव नहुने।

कसुरदार र पीडित दुवैको सहजताको लागि भएको उक्त संशोधित व्यवस्थालाई पश्चात्‌दर्शी कानून (ex-post facto law) निर्माण गर्न नहुने भन्ने फौजदारी न्यायको मान्य सिद्धान्तको अपवादको रूपमा रहेको कसुरदारलाई सहुलियत हुने गरी वारदातको समयपश्चात् कानूनको निर्माण गर्न सकिने र सोको फाइदा कसुरदारले प्राप्त गर्ने भन्ने सर्वमान्य सिद्धान्तबमोजिम प्रस्तुत मुद्दामा वारदात मितिमा भएको मुलुकी ऐन जबरजस्ती करणीको १० नं. को कानूनी व्यवस्थालाई मुद्दा दायर भएपश्चात् संशोधन भएको कानूनी व्यवस्थालाई टेकेर अदालतले आफ्नो फैसला गर्न पाउने नै हुँदा पुनरावेदन अदालत, इलामले संशोधित कानूनी व्यवस्थालाई ग्रहण गरी प्रस्तुत मुद्दा फैसला गरेकालाई अन्यथा भन्न नमिल्ने।

प्रस्तुत मुद्दाका प्रत्यर्थी प्रतिवादीहरूलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३(३) नं. बमोजिम जनही ६ वर्ष ६ महिना कैद गरी प्रतिवादीहरूबाट पीडितले जबरजस्ती करणीको संशोधित १० नं. बमोजिम जनही रू. २५,०००।- (पच्चीस हजार) क्षतिपूर्ति पाउने ठहराई सुरू झापा जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, इलामको मिति २०६७।१।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७१ साल चैत १६ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-०२६९, वैदेशिक रोजगार ठगी, *केशव थापा वि. नेपाल सरकार*

जाहेरवालाहरू धनबहादुर रानासमेतले पेस गरेको भर्पाइमा परेको सही र अन्य लिखतमा परेको सही मेल नखाने भनी विशेषज्ञबाट उल्लेख भई आएको छ। निज प्रतिवादी केशव थापाले युथ प्लेसमेन्ट सर्भिस प्रा.लि.मार्फत वैदेशिक रोजगारमा पठाउने काममा संलग्न रहेको कारणबाट जाहेरवालाहरूले रकम बुझाएको अवस्थामा फरकरूपमा सही देखिएको आधारमा मात्र रकमै नलिएको भन्नु न्यायोचित नहुने।

प्रतिवादी केशव थापाले भरतबहादुर सुवेदी, चेसबहादुर गुरूङ र कृष्णबहादुर खड्काबाट युथ प्लेसमेन्ट सर्भिस प्रा.लि. को तर्फबाट रकम बुझी लिई वैदेशिक रोजगारमा पठाउन नसकेको देखिएकाले निज प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४ (२) को कसुर गरेको देखिन आयो । प्रतिवादी केशव थापालाई युथ प्लेसमेन्ट सर्भिस प्रा.लि.मार्फत वैदेशिक रोजगारमा पठाउने युथ प्लेसमेन्ट सर्भिस प्रा.लि. इजाजत नं. २२१।०५८।०५९ बाट इजाजत प्राप्त गरी निजले २०५८ सालबाट सञ्चालन गर्दै आएकामा वैदेशिक रोजगारमा पठाउने संस्थाउपर परेको उजुरी मिति २०६४।१०।२२ पछि खारेज भएको श्रम तथा रोजगार प्रवर्द्धन विभागको मिति २०६४।११।६ को पत्रबाट देखिएको र सो कुरालाई प्रतिवादी केशव थापाले समेत स्वीकार गरिसकेको अवस्था भएबाट निजको सो कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० को विपरीतको कार्य भएकाले प्रतिवादी केशव थापालाई वैदेशिक रोजगार ऐन ,२०६४ को दफा ४३ र ४४ बमोजिम रू. १,५०,०००।– (एक लाख पचास हजार) जरिवाना र १ वर्ष ६ महिना कैद एवम् जाहेरवालाहरूले वैदेशिक रोजगार विभागबाट बुझेको रकम कट्टा गरी रू. ३५,००,०००।- को बिगो र सोको ५० प्रतिशत हर्जानासमेत प्रतिवादीबाट भराई पाउने ठहरी भएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६७।०५।२७ गतेको फैसला मिलेकै देखिँदा सदर

हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन १७ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-WO-०३७७, उत्प्रेषण, *अम्बरबहादुर कार्की वि. मालपोत कार्यालय, बारा कलैयासमेत*

निवेदकले निवेदनमा मूलतः २०१४।१।११ को घरसारको लिखतबाट प्राप्त गरेको हाल कायम कि.नं. ७ र २ को जग्गा दर्ता गरी पाउन तत्कालीन भूमिसुधार कार्यालय, बारामा मिति २०२३।३।३० मा निवेदन दिएकामा वन सिमानाभित्र छ, छैन स्थलगत सर्जमिन गरी पेस गर्ने भनी मिति २०२३।४।७ मा भूमिसुधार कार्यालयबाट भएको आदेशानुसार वीरगञ्ज वन कार्यालयको च.नं. २२६ मिति २०२३।५।१९ को पत्रबाट निवेदकले खरिद गरी पोत बुझाई आएको नापीमा छुट हुन गएको वन सीमानाभित्र नपर्ने भएकाले निवेदकको नाउँमा गरिदिए हुने भन्ने छ । त्यस्तै भू.सु.का. डोरमार्फत मिति २०२९।७।१८ मा भएको सर्जमिनमा पनि विवादको जग्गा निवेदकको हो भन्ने उल्लेख छ । मिति २०३४।१०।१८ मा जग्गा नापजाँच भई फिल्डबुकको कैफियत व्यहोरामा यो जग्गा मेरो हो मैले जनकराज पाण्डेसँग खरिद गरेको हुँ भनी व्यहोरा जनाएको अवस्थामा पनि जग्गा दर्ता गर्ने निर्णय नगरेकाले उल्लिखित साबिकदेखि हालसम्मका प्रमाणहरू राखी छुट जग्गा दर्ता गरिपाउँ भनी पुनः द.नं. ३७८९ मिति २०६९।५।२७ मा निवेदन दिएकामा विपक्षीहरूले मेरो उक्त निवेदन मागबमोजिम जग्गा दर्ता गर्ने नगर्ने सम्बन्धमा कुनै कारवाही नगरी हालसम्म निवेदन अनिर्णित अवस्थामा राखेकाले जारी गरी म निवेदकको विवादको विषयमा लिखित जवाफमा कुनै निर्णय खुल्न आएमा सोलगायत सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशले बदर गरी निवेदकले दिएको निवेदनबमोजिम विवादित जग्गा निवेदकको नाममा दर्ता गरिदिनु भन्नेसमेतको विपक्षीहरूको नाममा परमादेश जारी गरिपाउँ भन्ने दाबी लिइएको देखिन्छ । विपक्षी मालपोत कार्यालयले आफ्नो लिखित जवाफमा निवेदकले २०३४ सालमा नाप नक्सा भएको भनिएको फिल्डबुक नक्सा सुक्रीबिक्री लिखतको छायाँप्रति राखी छुट जग्गा दर्ता माग गरेकामा सो नक्सा फिल्डबुक नापी कार्यालयमा नभएको पत्र प्राप्त भएको छ । नापी कार्यालयमा नभएको नक्सा र फिल्डबुकको आधारमा जग्गा दर्ताको कारवाही अगाडि बढाउन सकिने अवस्था नहुने ।

मालपोत कार्यालय, बाराको कारवाही मिसिल अध्ययन गर्दा यिनै निवेदकसमेतले छुट जग्गा दर्ता गरिपाउँ भनी २०२३।३।३० मा र पछिल्लो पटक द.नं. ३७८९ मिति २०६९।५।२७ मा निवेदन दिएको देखिन्छ । उक्त निवेदन दिएपछि विपक्षी मालपोत कार्यालयको आदेशानुसार २०६९।९।१७ मा हक दाबीसम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरेको देखिन्छ भने २०६९।११।७ मा स्थलगत सर्जमिनसमेत सम्पन्न भएको देखिन्छ । तर सोपश्चात् कुनै कारवाही भए गरेको उक्त कारवाही मिसिलबाट देखिँदैन । विपक्षी मालपोत कार्यालयले यो यस्तो कारवाही भइरहेको छ भनी लिखितजवाफमा उल्लेखसमेत गरेको अवस्था देखिँदैन । मालपोत ऐन, २०३४ को दफा ७(२) मा *जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम नाप नक्सा भएको कुनै जग्गा दर्ता गर्नसम्म छुट भएकामा उक्त जग्गाको साबिक दर्ता तिरो र भोगसमेतको आवश्यक छानबिन गरी तोकिएबमोजिमको समितिको सिफारिसमा तोकिएको प्रक्रिया अपनाई मालपोत कार्यालयले त्यस्तो जग्गा दर्ता गर्न सक्नेछ । त्यस्तो दर्ता सम्बन्धमा मालपोत कार्यालयले निवेदन परेको मितिले दुई वर्षभित्र*

*अन्तिम टुङ्गो लगाइसक्नु पर्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ* । छुट दर्ता गरी पाउन निवेदन दिएकोमा त्यस्तो जग्गा सम्बन्धमा निवेदकले निवेदनसाथ पेस गरेको नक्सा, फिल्डबुक एवम् वन कार्यालयको जग्गा दर्ता गरिदिनु भन्नेसमेतका प्रमाणहरूको जाँचबुझ गरी बुझ्नुपर्ने अन्य आवश्यक सबुद प्रमाणसमेत बुझी निजको हकभोगको देखिन आएमा कानूनबमोजिम दर्ता गरिदिनु पर्ने उक्त कानूनी व्यवस्थाले निर्धारण गरेकामा सो दायित्व विपक्षी मालपोत कार्यालयले निर्वाह गरेको नदेखिने ।

निवेदकले दर्ता गरिपाउँ भनी माग गर्न आएको निवेदन दाबीको जग्गाको निवेदकले पेस गरेको नक्सा, फिल्डबुक एवम् जिल्ला वन कार्यालयको पत्रसमेतका सबुद प्रमाणको मूल्याङ्कन गरी बुझ्नुपर्ने अन्य प्रमाणहरूसमेत बुझी दर्ता गर्न मिल्ने हो, होइन निर्णय गरी दिनुपर्नेमा २०२३।३।३० र सोपश्चात् द. नं. ३७८९ मिति २०५९।५।७ मा समेत दिएको निवेदन हालसम्म विचाराधीन अवस्थामा नै रहिरहेको पाइएकाले मागबमोजिम दर्ता गर्न मिल्ने हो, होइन सबुद प्रमाणको मूल्याङ्कन गरी जो जे बुझ्नु पर्ने हो बुझी निजहरूको नाममा दर्ता हुने हो वा होइन आदेशको जानकारी पाएको मितिले ६ महिनाभित्र निर्णय गर्नु भनी विपक्षी मालपोत कार्यालय, बाराको नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

इति संवत् २०७२ साल भदौ २८ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-०२६४, निकास खुलाई चलन चलाइपाउँ, *नाथु भन्ने तुलसीप्रसाद तेली (गुप्ता) समेत वि. श्रवणकुमार लोध*

विवादित जग्गामा प्रतिवादीहरूले आफ्नो भोग चलन रहेको भनी दाबी गरे तापनि वादीको कि.नं. २७८, न.नं. ९ को जग्गामा आवतजावत गर्ने अन्य वैकल्पिक निकास बाटो रहे भएको कुरा प्रतिवादीहरूले देखाउन सकेको पाइएन । प्रतिउत्तरपत्र तथा वादी प्रतिवादी दुवै पक्षका साक्षीहरूको बकपत्र हेर्दा पनि न.नं. ९ को जग्गाको निकास अन्यत्र रहेको भन्ने देखिन आएन । मुलुकी ऐन, घर बनाउनेको महलको ३ नं. अनुसार पनि प्रतिवादीहरूले वादीको जग्गाको निकास पूर्णरूपमा बन्द गर्न मिल्ने देखिन नआउने ।

प्रतिवादीहरूले आफ्नो ऐलानी जग्गालाई आधार लिई वादीलाई कुनै पनि निकास नदिई अप्ठेरोमा पर्ने गरी निकास बन्द गरिदिएको देखियो । यसका साथै वादीले पुनरावेदन अदालतको फैसलामा चित्त बुझाई बसेको देखिएको र वादीको यस अदालतमा पुनरावेदन परेको नदेखिएको समेतबाट वादीको कि.नं. २७८ न.नं. ९ को जग्गाको अरू वैकल्पिक निकास नरहेको स्थितिसमेतलाई विचार गर्दा सो विवादित जग्गाबाट आवतजावत गर्न वादीले ९ फिट चौडाइको निकास बाटो पाउने गरी भएको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।९।२६ को फैसला मिलेकै देखिँदा त्यसमा कुनै परिवर्तन गरिरहनु परेन सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूले पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: हेमबहादुर सेन

कम्प्युटर: गंगा के.सी.

इति संवत् २०७१ साल मङ्सिर १६ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०७३२, मोही प्रमाणपत्र बदर, *राजकिशोर राय वि. मु.स. गर्ने पल्टीदेवीसमेत*

प्रस्तुत मुद्दामा सुरू अदालतले वादी दाबी नपुग्ने गरी फैसला भएको देखिन्छ । सो फैसलाउपर वादीको पुनरावेदन परेकामा पुनरावेदन अदालतबाट हदम्यादको आधारमा पुनरावेदन खारेज हुने ठहर भई

फैसला भएको देखिन्छ । उल्लिखित सुरू र पुनरावेदन अदालतको फैसलाको तुलना गरी हेर्दा परिणाममा कुनै भिन्नता रहेको देखिँदैन । दुवै फैसलाको परिणाम भनेको वादी दाबी पुग्न नसक्ने ।

न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) खण्ड (ग) को व्यवस्थाअनुसार तीन वर्ष वा सोभन्दा बढी कैद सजाय, पच्चीस हजार रूपैयाँ वा सोभन्दा बढी जरिवाना, पचास हजार रूपैयाँ वा सोभन्दा बढी बिगो भएको वा बिगो नखुलेको मुद्दामा सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दा सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णय वा फैसलाउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा सुरू निर्णय वा फैसला केही वा पूरै उल्टी भएको मुद्दामा मात्र यस अदालतमा पुनरावेदन लाग्ने अवस्था देखिन्छ । उक्त व्यवस्थाअनुसार पुनरावेदन अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्नको लागि सुरू अदालत वा निकाय र पुनरावेदन अदालतको फैसलामा शाब्दिक फरकमात्र पर्याप्त हुने नभई सारभूतरूपमा परिणाममा भिन्नता हुनु आवश्यक हुने ।

सुरूले दाबी नपुग्ने र पुनरावेदन अदालतले हदम्यादको आधारमा पुनरावेदन खारेज हुने ठहर भएकाले पुनरावेदन अदालत, जनकपुरको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न सक्ने देखिन नआउने ।

सुरू अदालत र पुनरावेदन अदालतको फैसलाको परिणाममा सारभूत भिन्नता नभएको अवस्थामा पुनरावेदन अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्ने कानूनी व्यवस्थाको अभाव रहेको देखिँदा प्रस्तुत पुनरावेदनपत्रबाट तथ्यभित्र प्रवेश गरी निर्णय गर्न मिल्ने देखिन नआएकाले पुनरावेदन खारेज हुने ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: रमेश रिजाल
कम्प्युटर: खगेन्द्रकुमार खत्री
इति संवत् २०७२ साल जेठ २९ गते रोज ६ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७०-CI-०५२६, मोही नामसारी, *विश्वनाथ पाण्डे भुमिहार वि. शङ्कर गिरी*

विवादको जग्गाको साबिक मोही कपिलदेव भुमिहार भएकामा विवाद रहेको नदेखिने ।

मिति २०५३।९।२४ मा मात्र दाजु भाइ र दिदी बहिनीमा समेत मोहीयानी हक हस्तान्तरण हुने गरी भूमिसम्बन्धी ऐन, २०२१ को चौथो संशोधन भएको पाइन्छ । सो संशोधन हुनुपूर्व नै मोही कपिलदेव भुमिहारको मृत्यु भएको समय अर्थात् २०४१ सालमा भूमिसम्बन्धी ऐनमा रहेको मोही हकसम्बन्धी व्यवस्थामा "दाजु भाइ" मा पनि मोहियानी हक सर्ने व्यवस्था नै भएको देखिँदैन । तसर्थ २०५३ सालपूर्व भूमिसम्बन्धी ऐनमा रहेको तत्कालीन व्यवस्थाअनुरूप दाजु भाइमा मोहीयानी हक जानसक्ने कानूनी व्यवस्था रहेको देखिन नआउने ।

कानूनले नै अन्यथा व्यवस्था गरेकामा बाहेक कानूनको भूतलक्षी प्रभाव हुँदैन भन्ने सर्वमान्य सिद्धान्त हो । सामान्यतः अघि बहाल रहेको कानूनबमोजिम हक प्राप्त गरिसकेको वा हक टुटिसकेको कुरालाई पछि आएको कानूनले भइसकेको कामकारवाहीलाई प्रभाव पार्न सक्तैन । प्रस्तुत मुद्दामा २०४१ सालमा मोहीको मृत्यु भएकामा मोही हक प्राप्त गर्ने कानूनबमोजिमको सक्षम व्यक्तिको अभावमा निजमा रहेको उक्त मोहीयानी हकसमेत उसैसँग समाप्त भएको मान्नु पर्ने हुन्छ ।

२०४१ सालमा मोहीको मृत्यु भएको अवस्थामा मृत्यु भएको १२ वर्षपश्चात् २०५३ सालमा आएर भएको भूमिसम्बन्धी ऐन, २०२१ को चौथो संशोधनबाट मात्र दाजुभाइमा मोहीयानी हक हस्तान्तरण हुने भन्ने कानूनी व्यवस्था रहेको देखिएबाट २०५३ सालमा क्रियाशील भएको ऐनको सुविधा यी वादीले पाउने अवस्था नहुने हुँदा कपिलदेव भुमिहारको नाममा रहेको मोहियानी हक वादी विश्वनाथ पाण्डे भुमिहारमा नामसारी हुने नठहरिएकामा दाबीबमोजिम मोहियानी हक नामसारी हुने ठहर गरी भुमिसुधार कार्यालय, रौतहटबाट मिति २०६८।१०।२७ मा भएको निर्णय उल्टी गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।२।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मीना गुरूङ

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७२ साल भदौ ११ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CI-०४९४, मिलापत्र बदर, *सुकदेव राय यादवसमेत वि. दुखियादेवी*

मोही रोज्ने रोजाउने कार्य र नामसारी गर्ने कार्य क्रियाशील भएको अवस्थामा जग्गाधनीले उक्त मोही रोज्न पाउने हक प्रयोग गर्न पाउने हुन्छ। मोही मरेपछि भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) मा उल्लिखित परलोक भएको मोहीको नाता पर्ने व्यक्तिहरूबिच यसको वा उसको, कसको नाममा नामसारी हुनुपर्ने हो भन्ने विवाद उत्पन्न भएको अवस्थामा मात्र जग्गाधनीले मोही रोज्न पाउने हकले प्राथमिकता पाउने।

दिवङ्गत मोहीको पत्नीले मोही नामसारी गरिपाउँ भनी निवेदन दिइ कारवाही चलिरहकोमा जग्गाधनीले मोही नै हटाउने नियतले मोहीको कुनै एउटा छोरासँग मुद्दा लिनुदिनु गरी मोही हक छोड्ने छोडाउने कार्य भएको अवस्थामा मोही नामसारीको प्रयोजनार्थ मोही रोजाउने कार्य क्रियाशील भएको छ भन्न नमिल्ने।

मोही रोज्ने, रोजाउने कार्य नै प्रारम्भ नभएको अवस्थामा मोही रोज्न पाउने हक जग्गाधनीको थियो भन्ने पुनरावेदक प्रतिवादीको जिकिरसँग सहमत हुन नसकिने।

अड्डामा मोहियानी हकको विवाद विचाराधीन अवस्थामै रहेकामा सोलाई प्रतिकूल प्रभाव पार्ने गरी उक्त मुद्दाको अन्जाम विचार गरी मोही पत्याउने काम हुनुपूर्व नै मोहीको छोरा लालबाबु महतोलाई मिति २०६६।५।९ मा मोही निष्कासनको मुद्दा गरी दुई दिनभित्रै प्रतिउत्तर पारी मिलापत्रसमेत मिति २०६६।५।११ मा गरेको देखिँदा प्रतिवादी जग्गाधनीले सुरूदेखि नै सही मनसायले नालेस गरेका रहेछन् भन्न मिलेन। जग्गाधनीको उक्त व्यवहारबाट निजको नियत नै जसरी जे गरेर भए पनि मोही लगत कट्टा गराउने बदनियत भएको देखिन आउने।

अघि परेको मुद्दाहरू विचाराधीन रहेकै अवस्थामा दुखियादेवीलाई जानकारी नै नगराई प्रतिवादीहरूले एकापसमा मुद्दा गरी दुई दिनभित्रै मिलापत्र गरेको अवस्था छ। दुखियादेवीको मोही नामसारीमा मुद्दा पर्दापर्दै निजलाई थाहा पत्ता नै नदिई मोही हक छोडी छोडाई वादीको दाबीलाई प्रतिकूल प्रभाव पारी दुई दिनभित्र गरिएको मिलापत्रबाट प्रतिवादीहरूले कृत्रिम मुद्दा खडा गरी वादीको हक मेट्ने कार्य गरेको देखिन आएको छ। यसरी एकाको हकको निमित्त नालेस गरी मुद्दा चल्दाचल्दैको अवस्थामा अर्कोले आफ्नो गफलतको व्यक्तिसँग मिली मुद्दा लिनुदिनु गरेको देखिन आएको अवस्थामा पहिलेको मुद्दाबाट कायम हुने हकलाई प्रतिकूल असर पारी त्यस्तो पछिल्लो मुद्दामा गरिएको मिलापत्र कायम

हुनसक्ने अवस्था नरहने।

मुलुकी ऐन, अ.बं. ८६ नं. बमोजिम *मिलापत्र भएका मुद्दामा अर्काको समेत हक जाने रहेछ भने जसको हक जानेछ त्यसैले थाहा पाएको पैंतीस दिनभित्र नालिस दिए इन्साफ गरिदिनुपर्छ* भन्ने कानूनी व्यवस्था रहेको छ। प्रस्तुत मुद्दामा कानूनको म्यादभित्र नै आफ्नो हक जाने गरी विपक्षीहरूबिच भएको मिलापत्र बदर गरिपाउन वादी दुखियादेवीले मुद्दा दायर गरेको अवस्था छ। वादीले दायर गरेको मुद्दालाई प्रतिकूल असर पार्ने गरी प्रतिवादीहरूले मिलेमतो गरी छुट्टै आपसमा मुद्दा लिनुदिनु गरी दुई दिनभित्र मोही निष्कासन हुने गरी भएको मिलापत्र कानूनसम्मत रहेको भनी मान्न मिल्ने देखिन आएन। तसर्थ उक्त मिलापत्र मुलुकी ऐन, अ.बं. ८६ नं. अनुरूप बदर हुने नै देखिन आउने।

अदालतमा विचाराधीनयुक्त अवस्थामा रहेको मुद्दामा असर पर्ने गरी पछाडि मुद्दा दायर भई मोही निष्कासन हुने गरी भएको मिलापत्र कानूनबमोजिमको देखिन नआएको हुँदा मिलापत्र बदर गर्नुपर्नेमा वादी दाबी नपुग्ने गरी सुरू रौतहट जिल्ला अदालतबाट मिति २०६७।३।२० मा भएको फैसला उल्टी गरी मिलापत्र बदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।३।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मीना गुरूङ

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७२ साल भदौ ११ गते रोज ६ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-CI-०४९५, मोही नामसारी, *सुकदेव राय यादवसमेत वि. दुखियादेवी*
- ०७०-CI-०६२७, जालसाजी, *सुकदेव राय यादवसमेत वि. दुखियादेवी*

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६४-CR-०६१५, जालसाजी, *गणेश महतो तत्वासमेत वि. प्रल्हाद महतो धानुकसमेत*

प्रस्तुत मुद्दाको तथ्यगत अवस्थालाई केलाउँदा साबिक जग्गाधनी रामबहादुरबाट सुरेश महतोका नाममा जग्गाको हक हस्तान्तरण भएपछि निष्क्रिय मोही लगत कट्टा गरिपाउँ भनी सुरेश महतोले भूमिसुधार कार्यालय, पर्सामा निवेदन दिएको र भूमिसूधार कार्यालयले अर्को दिन अर्थात् २०५९।३।१७ मा प्रल्हाद महतोका नामको म्याद घरदैलोमा टाँस तामेल गराई सुरेश महतोको अनुकूलकै सिफारिस तथा झुट्टा सरजमिनको आधार लिई निर्णय गरेको देखिँदा साबिकदेखि नै कि. नं. २९ को मोही रहेका प्रल्हाद महतोको हक मेटाउने उद्देश्यले उल्लिखित क्रियाहरू भएको देखिन आएकाले पुनरावेदक प्रतिवादीहरूको कार्य जालसाजीपूर्ण रहेको पुष्टि हुन आउँदा म्याद तामेलीदेखि सर्जमिनसमेतका कार्य जालसाज क्रियाबाट भएको मिसिल संलग्न कागजहरूको काम कारवाहीको प्रक्रियाबाट देखिन आएकाले यी पुनरावेदक प्रतिवादीहरूको काम कारवाही जालसाजी ठहर गरी प्रतिवादीहरूलाई मुलुकी ऐन, किर्ते कागजको १० नं. बमोजिम रू. २००।- जरिवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौडाको मिति २०६४।०२।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। जालसाजीमा सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल माघ १९ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-०४१७, कर्तव्य ज्यान, *रेखबहादुर चौहान वि. नेपाल सरकार*

मेरै कुटाइबाट मरेको भनी मौकामा साबित भै त्यस्तो साबितलाई अदालतमा बयान गर्दासमेत स्वीकार गरी साबिती भै बयान दिएको देखिएबाट प्रतिवादीको कर्तव्यबाट मृत्यु भएको भन्नेमा विवाद देखिएन । चिम्टा लोहोरो तथा दिउरेजस्ता वस्तुले हानेको हैन भनी प्रतिवादीले जिकिर लिए पनि अनुहारमा कालो नीलो चोट भएको र टाउकामा बेन्डेज लगाएको भन्ने लास जाँच मुचुल्काबाट देखिन आएकाले हातले हिर्काउँदामात्र त्यस्तो बेन्डेज गर्नु पर्ने अवस्था हुन नआउने ।

मृतकलाई ब्यान्डेज गर्नुपर्नेसम्मको चोट लागेको देखिएको र घटनास्थलबाट चिम्टा लोहोरो दिउरेसमेतका जोखिम वस्तु बरामद भएबाट त्यस्ता वस्तुले समेत प्रहार गरेको देखिन आउँछ । अत: अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा भएको साबिती बयान, लास जाँच मुचुल्का र वस्तुस्थिति मुचुल्का एवम् बरामदी दसीसमेतका प्रमाणहरूबिचको तादात्म्यताबाट प्रतिवादीको कर्तव्यबाट मृतक पद्मशोभा खड्काको मृत्यु भएको देखिएकाले भवितव्यबाट मृत्यु भएको भन्ने प्रतिवादीको जिकिरसित सहमत हुन सकिएन । सुरूले सर्वश्वसहित जन्मकैदको सजाय ठहर्‍याई गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६६।१२।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

भवितव्यको अपराध हुन आफूले गरेको कर्तव्यले मानिस मर्ला भनेजस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैबाट कुनै मानिस मर्न गएमा मात्र भवितव्य हुने भन्ने ज्यानसम्बन्धीको ५ नं. को मनसाय देखिन्छ । तर यहाँ यी प्रतिवादीले अन्य केही काम कुरा गर्दा मृतक पद्मशोभाको मृत्यु भएको नभै मृतकले घाँस पातको कुरा गर्दा रिस थाम्न नसकी कुटेको भनी मौकामा र अदालतमा साबित भएको अवस्था, बरामदी दसी प्रमाण एवम् मृतकको लासजाँच मुचुल्कासमेतबाट प्रतिवादीको क्रिया भवितव्य हो भन्ने देखिन नआउने ।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल फागुन १८ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-०५०२, लागु औषध, *भानु भन्ने नन्दकिशोर प्रसाद यादव वि. नेपाल सरकार*

प्रतिवादीहरू एकै ठाउँमा एकैसाथ पक्राउ परेको भन्ने कुरा प्रहरीको प्रतिवेदन तथा बरामदी मुचुल्कासमेतबाट खुल्न आएको देखिन्छ भने प्रहरी हिरासतमा रहेका बखत प्रतिवादी धर्मदेव महतो र सिकिन्दर यादव भाग्न सफल भै धर्मदेव महतो प्रहरीबाट पक्राउ परी र सिकिन्दर आफैँ अदालतमा उपस्थित भएको प्रहरी सञ्चार प्रतिवेदन तथा सरकारी वकिल कार्यालयको पत्रसमेतबाट खुल्न आएबाट प्रतिवादीहरूको सामूहिक सहभागिता पुष्टि हुन्छ । यसरी यी प्रतिवादीहरू सुरूमा पक्राउ पर्दाका बखत प्रतिवादी नन्दकिशोरको साथबाट २५ ग्राम धर्मदेव महतोबाट २७ ग्राम र सिकिन्दरको साथबाट ३० ग्राम गरी जम्मा ८२ ग्राम लागु औषध (अफिम) बरामद भएको भन्ने मिसिल संलग्न बरामद मुचुल्कासमेतका कागजातबाट पुष्टि भैरहेकामा सोबमोजिम बरामद भएको होइन भनी इन्कार गरी अदालतमा बयान गर्दैमा कानूनबमोजिम भएको बरामदी मुचुल्कालाई अन्यथा भन्न सकिँदैन । प्रतिवादी धर्मदेव महतोले अदालतमा गरेको बयानमा आफ्नो साथबाट २७ ग्राम लागु औषध बरामद भएकोलाई स्वीकार गरी आफैँले सेवन गर्न

बोकेको हो भनी जिकिर लिए पनि सेवनको लागि त्यति ठूलो परिणाममा राखेको भन्ने विश्वासलायक नदेखिनुको साथै नाफा कमाउने उद्देश्यले बोकेको भन्ने प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान र बरामदी मुचुल्कासमेतका प्रमाणबाट सेवनको लागि राखेको पुष्टि नहुने।

प्रतिवादी सिकन्दरले अदालतमा बयान गर्दा म विदेशको जामनगरमा थिएँ भनी बयान गरेको पाइन्छ। तर यी प्रतिवादी आफू जामनगरमा थिएँ भनी सो तथ्यलाई पुष्टि गर्न नसक्नुको साथै निजबाट लागु औषध बरामद भएको र बरामदी मुचुल्कामा सही गरेको देखिनुको साथै सहअभियुक्त नन्दकिशोरको बयान र निजलाई दिइएको पक्राउ पुर्जीबाट यी प्रतिवादी हिरासतबाट भाग्न सफल भै पछि उपस्थित हुन आएको भन्ने प्रहरी सञ्चार एवम् बरामदी मुचुल्कासमेतबाट देखिएकाले यी प्रतिवादीको पनि अन्य प्रतिवादीसितको संलग्नता पुष्टि हुन आउने । यसरी उपर्युक्त आधार प्रमाणबाट यी तीनै जना प्रतिवादीहरू आपसमा सहमत र मिलोमतो भै लागु औषध खरिद बिक्री ओसारपसार गरेको भन्ने कुरा पुष्टि हुन आएकाले निजहरूको उक्त कार्यलाई व्यक्ति विशेष र पृथकपृथक कसुर कायम गर्न नमिली सामूहिकरूपमा बरामदित ८२ ग्राम लागु औषध खरिद बिक्री ओसारपसार गरेको पुष्टि हुन आउने।

प्रतिवादीहरूले लागु औषध (अफिमको) अलग अलग कारोबार गरेको र सेवनका लागि लागु औषध राखेको भन्ने नदेखिई नाफा गर्ने उद्देश्यले सामुहिक रूपमा बरामदी मुचुल्कामा उल्लिखित ८२ ग्राम लागु औषधको खरिद बिक्री कारोबार गरेको पुष्टि हुन आएकाले कसुरको मात्राअनुसार कम सजाय हुनुपर्छ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसित पनि सहमत हुन नसकिने हुँदा यी प्रतिवादीहरूले आपसमा संलग्न भै सामूहिकरूपमा ८२ ग्राम लागु औषध (अफिम) को खरिद बिक्री ओसारपसारको कारोबार गरेको ठहर गरी प्रतिवादीहरूलाई जनही १ लाख ७५ हजार जरिवाना र दश वर्ष कैद गर्ने गरेको सुरू फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।३।२३ र मिति २०६९।५।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल फागुन १८ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६६-CR-०८४८, ०६७-CR-०५२७, ०७०-CR-१३०४, मानव बेचबिखन तथा ओसारपसार, *राजेश भन्ने भगीरथ दाहाल वि. नेपाल सरकार, निर्मला राई दाहाल वि. नेपाल सरकार, नेपाल सरकार वि. निर्मला राई दाहाल*

पीडितलाई एकातिर छाडेर अपराधीको पछाडिमात्र हिँडेर फौजदारी न्यायको मक्सद पूरा हुन सक्दैन। पीडितले पनि न्यायको अनुभूति गर्न सकेमा त्यस्तो कानून प्रणाली सक्षम र सफल मान्न सकिने।

विदेशी कानून, विदेशी नजिर, महासन्धि, घोषणापत्रलगायतका साधनहरूले पीडितको राहतमा जोड दिइरहेको अवस्था छ । कानून, अन्तर्राष्ट्रिय सन्धिहरूले मानव sanctity मा जोड दिई रहेको परिप्रेक्ष्यमा मानवलाई नसुहाउने व्यवहार प्रदर्शन हुन जानु निकै पीडादायी हो। यस्तो स्थितिमा समाजले मानव मूल्यको पुन: परिभाषा खोज्न जरूरी भएको देखिन्छ । विधायिकी कानूनले मात्र सधैँ समाजको न्यायिक मूल्य प्राप्त गर्न नसक्ने हुनसक्छ। अदालतको काम मूल्यको खोजी एवम् पहिचानसमेत गर्नु हो। जुन मूल्यले मानवको आदर्श एवम् सम्मानलाई कम हुन नदिई उँचो गराउन प्रयत्नशील हुन जरूरी देखिन्छ। विधायिकी कानून नैतिकता कै पक्षमा प्रकट हुने भए पनि अदालत सदासर्वदा त्यसको पक्षमा प्रयत्नशील र

अभ्यस्त रहन्छ। न्याय गतिशील प्रक्रिया हो। न्यायको सटिक परिभाषा गर्न सजिलो छैन । यसलाई नाप्ने yardstick पहिचान नभएर नै न्यायसापेक्ष (relative) मानिएको हो । न्याय समयअनुसार परिभाषित हुँदै अगाडि बढ्छ र मानव मूल्यलाई संरक्षण गर्दछ । यो मानव मूल्यको व्याख्यासमेत समयअनुसार परिस्कृत हुँदै जानुपर्छ र मानवको जीवनको पवित्रताले स्थान पाउन जरूरी हुने ।

अदालतले न्यायिक प्रक्रियामा मुद्दापिच्छे मूल्यको (value) पहिचान गर्नुपर्दछ । जुनसुकै मुद्दाको निर्णयमा स्वार्थहरूको द्वन्द्वको value judgement भइराखेको हुने हुँदा अदालतद्वारा मुद्दाको अवस्था, प्रकृति र सन्दर्भअनुसार कानूनको ब्याख्या एवम् प्रयोग गर्नुपर्ने ।

संविधान र कानूनले अपराध हुँदाका अवस्थामा प्रचलनमा नरहेको कानूनले सजाय गर्न सकिँदैन तर पीडित राहतशास्त्र यस्तो विधिशास्त्र हो जहाँ पीडितका प्रति हुन गएको अनेकन क्षतिलाई अदालत, मुद्दा चलाउने पक्ष र अरू संलग्न निकायले संवेदनशीलरूपमा हेर्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा पनि पीडितलाई उचित क्षतिपूर्तिबिना न्यायको महसुस पीडितले पाउन सक्दैन भन्ने निष्कर्षमा पुग्नुपर्ने हुन्छ। व्यक्तिको पवित्रता तथा पीडित राहतशास्त्रको सार नै judgment law भएको पाइएकाले पीडितशास्त्रको भावनालाई समेट्दै प्रतिवादी भगीरथ दाहालबाट रू. दुई लाख पीडित देवीका राईलाई क्षतिपूर्ति भराइदिने ठहर्ने ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय कानून तथा नेपाल पक्ष रहेका सन्धि सम्झौता सम्मिलनले पीडितलाई उचित क्षतिपूर्ति भराउन बाधा पर्ने नदेखिएकाले पुनरावेदन अदालत, राजविराजबाट मिति २०६६।८।१० मा भएको फैसला केही उल्टी भै पुनरावेदक प्रतिवादी राजेश भन्ने भगिरथ दाहाललाई दश वर्ष कैद र पीडित देवीका राईलाई रू. दुई लाख क्षतिपूर्ति भराइदिने ठहर्छ । पुनरावेदक प्रतिवादी भगीरथको अन्य पुनरावेदन जिकिर तथा पुनरावेदक प्रतिवादी निर्मला राई र पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: रामप्रसाद पौडेल

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल चैत ११ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०७७५, आगो लगाई कर्तव्य ज्यान, *अर्जुन वि.क. वि. नेपाल सरकार*

घाइते भई सोही जरियाबाट मृत्यु हुन गएकी मन्जु वि.क. आफू अशक्त भै अस्पतालको बेडमा रहेको अवस्थामा आफूलाई आगो लगाएको विषयमा आफ्नो सहोदर दाजुलाई प्रहरी कर्मचारीहरू समेतको रोहबरमा झुठ्ठा आरोप लाग्ने गरी कागज गरिदिनु पर्ने कुनै कारण रहे भएको पनि नदेखिएको, प्रतिवादीले मौकाको बयानलाई अन्यथा भनी अदालतमा बयान गर्दा जिकिर लिए पनि निजलाई इच्छाविपरीत कागज गराइएको भन्ने कुरा निजले पुष्टि गराउन नसकेको, मृतकले मर्नुभन्दापूर्व उपचारको क्रममा व्यक्त गरेको कथन प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयानसमेतबाट समर्थित भैरहेको देखिँदा प्रतिवादी अर्जुन वि.क.ले मृतक बहिनी नाताकी मन्जु वि.क. को चालचलन व्यवहार ठिक नभएको भन्ने कारणले बारम्बार झैझगडा हुने गरेको र मादक पदार्थ सेवन गरी आएका प्रतिवादीले बहिनी मन्जु वि.क.को शरीरमा मट्टितेल खन्याई आगो लगाइदिएको र सोही जरियाबाट मृतकको मृत्यु भएको देखिँदा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन

अदालतको मिति २०६९।६।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

मृतक प्रतिवादीको बहिनी नाताकी व्यक्ति देखिई निज श्रीमान्‌ले छाडिदिएको कारण दाजुको घरमा बस्दै आएकी देखिएको र मृतकसँग प्रतिवादीको ज्यान मार्नुपर्नेसम्मको पूर्व रिसइबी रहे भएको पनि नदेखिएको र प्रतिवादीले मृतकलाई ज्यान मार्नको लागि पूर्व तयारीसमेत गरेको नदेखिएको, मृतकको मृत्युकालीन घोषणामा नै आफूलाई उठेको अवस्थामा दाजुले आगो लगाएको भन्ने देखिँदा सुतेको अवस्थामा आगो लगाएको पनि नदेखिएको र वारदात हुँदाको समय प्रतिवादीले मादक पदार्थ सेवन गरिआएको अवस्थामा मृतकसँग विवाद हुँदा रिसको आवेशमा प्रस्तुत वारदात घटित भएको भन्ने देखिँदा सुरू काठमाडौं जिल्ला अदालतबाट विपक्षी अर्जुन वि.क.लाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी अ.बं. १८८ नं. बमोजिम १५ वर्ष कैद गर्ने गरी भएको फैसलालाई पुनरावेदन अदालत, पाटनले रायसहित सदर गरेको मिति २०६९।६।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असोज ७ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-०८४४, उत्प्रेषण, *कान्छाभाई महर्जनसमेत वि. स्थानीय विकास मन्त्रालयसमेत*

स्थानीय स्वायत्त शासन नियमावलीको संशोधित व्यवस्था प्रारम्भ हुँदाका बखत १२ वर्षको सेवा अवधि पुगिसकेका कर्मचारी र नियमावली प्रारम्भ भएपछिमात्र सेवा अवधि पुगेका सबै कर्मचारीको एकैपटक बढुवा गरी एउटै मितिलाई जेष्ठता कायम गर्न मिल्ने हो वा हैन भन्ने सम्बन्धमा विचार गर्दा प्रस्तुत संशोधित व्यवस्थाले १२ वर्ष सेवा अवधि पुगेका सबै कर्मचारीलाई बढुवा गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था गरेबाट बढुवा मितिसम्म१२ वर्ष पुगेका सबै कर्मचारी बढुवा हुनसक्ने नै देखियो। तर बढुवा मितिमा सम्म १२ वर्ष सेवा अवधि पुगेका कर्मचारी र सो अगावै १२ वर्ष सेवा अवधि पुगेका कर्मचारीहरूको एउटै मितिलाई जेष्ठता कायम गर्ने हो भने असमान सेवा अवधि भएका कर्मचारीबिच समान व्यवहार हुन गई बढी सेवा अवधि पूरा गर्ने र नगर्नेको बिचमा कुनै अन्तर नहुने मात्र होइन त्यसपछिको पदोन्नतिमा समेत बढी सेवा गर्नेको हकमा निजहरूको सेवा अवधि निष्प्रभावी हुन जान्छ। १२ वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई माथिल्लो पदमा बढुवा गरिनेछ भनिसकेपछि संशोधित नियमावली लागू भैसकेपछि त्यस्ता सेवा अवधि पुगेका कर्मचारीहरूको तत्काल बढुवा नगरी ढिलो गरी बढुवा गर्दा नियमले निर्धारण गरेको सेवा अवधि पदोन्नतिमा गणना नभै सो अवधि निष्प्रभावी हुने भै बढी सेवा अवधि व्यतित हुनेहरूको हकमा जेष्ठ कर्मचारीले पदोन्नतिमा पहिलो र अधिकतम अवसर पाउनु पर्ने प्रशासनिक सिद्धान्तको विपरीत हुनुको साथै समानताको सिद्धान्तसमेतको प्रतिकूल हुन जान्छ। बढुवा कर्मचारीको वृत्ति विकास मात्र नभै कर्मचारीलाई प्रोत्साहित गरी उत्प्रेरणा जगाउने माध्यम पनि भएको निश्चित सेवा अवधिको अधारमा बढुवा गर्दा बढी सेवा अवधि भएका र कम सेवा अवधि भएकाहरूबिच फरक किसिमले व्यवहार गर्नुपर्ने हुन्छ। यदि यिनीहरूबिच समान व्यवहार गरिएमा बढी सेवा गर्नेहरूमा नैराश्यता आई संगठनले कर्मचारीबाट खोजेको अपेक्षा पूरा हुन सक्तैन। त्यसैले बढी र घटी सेवा अवधि भएका बिच फरक दृष्टिकोणले हेरिनुपर्छ ता कि भविष्यमा हुने वृत्ति विकासमा समेत प्रतिकूल

असर नपुगोस् । तसर्थ यी निवेदकहरूको हकमा बढुवा गरी छुट्टै जेष्ठता कायम नगरी निवेदकको मागबमोजिम जेष्ठता नहुने भनी दिएको मिति २०६८।११।२१ को पत्र निवेदकहरूका हकमा निवेदन मागबमोजिम जेष्ठता कायम नगरेको हदसम्म उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ । अब कुन मितिलाई जेष्ठता कायम हुने गरी निर्णय हुने हो भन्नेसम्बन्धमा संशोधित नियमावली लागू भएको मिति र निवेदकहरूको जेष्ठतासमेतलाई विचार गर्दा नियमावली लागू हुनुपूर्व नै निजहरूको सेवा अवधि १२ वर्षभन्दा बढी भैरहेको भए पनि नियमावली संशोधन हुनुअघिको मितिबाट जेष्ठता कायम गर्न मिल्ने देखिएन । तसर्थ नियमावली संशोधन भै लागू भएको मिति नै कायम गर्न उपयुक्त देखिएकाले निवेदकहरूका हकमा संशोधित नियमावली लागू भएको मिति २०६७।१।२० लाई जेष्ठता मिति निर्धारण गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल फागुन १९ गते रोज ३ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६८-CR-१०८२, सवारी ज्यान, *नेपाल सरकार वि. रामकेवल राय यादव*

प्रतिवादीले चलाएको सवारी साइकल वा बयलगाडा नभै ट्याक्टर जस्तो भारी गाडी हो जसको सामान्य ठक्करमात्र प्राणघातक हुन सक्छ । ट्याक्टर जस्तो ठूलो र जोखिमपूर्ण सवारी चलाउने चालकसँग सोही अनुपातमा होसियारी, सावधानी र दक्षताको अपेक्षा गरिन्छ । यस अवस्थामा बाटोमा यो यस्तो छ, बाटोको छेउछाउमा अचानकबाट कोही दौडेर आउन सक्छन् वा बाटोमा हिँड्न सक्छन् यसर्थ यो गाडीको यत्तिको गतिलाई यति मीटरको दूरीमा नियन्त्रित गर्न सकिन्छ र मैले यति दूरीसम्मको सडकलाई सजिलै हेरेर सवारीलाई नियन्त्रणमा लिन सक्छु भनी अरू सडक प्रयोगकर्ताको सुरक्षासमेत विचार गरी सवारी चलाउनु पर्ने भनी सवारी विधिशास्त्रले competent and careful सक्षम र सतर्क चालकसँग अपेक्षा राखेको हुन्छ । यी सबको पूर्वानुमान गर्न नसक्ने, बाटो र छेउछाउको परिदृश्य हेर्न र विचार गर्न नसक्ने, हेरेपछि सवारीलाई त्यसअनुरूप आफ्नो नियन्त्रणमा राख्न नसक्ने चालकलाई competent and careful चालक मान्न नसकिने ।

माथि उल्लेख भएबमोजिम बेलायतमा causing death by dangerous driving because his driving had not fallen far enough below the standard of the competent driver प्रमाणित हुन नसकेको अवस्थामा पनि चालक उम्कन नसकोस् भन्नका लागि no need to prove that it was obvious to a competent and careful driver that driving would create a risk of harm to person or property भनी causing death by careless driving मा अनिवार्यतः सजाय गर्नका लागि the Road Traffic Act 1991 को दफा 2B को तर्जुमा भएको परिप्रेक्ष्यमा अभियोग दाबीको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) मा *त्यसरी सवारी चलाउँदा कसैको ज्यान मर्नसक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानी जानी वा लापरवाही गरी सवारी चलाएको कारणबाट सवारी दुर्घटना हुन गई* भन्ने प्रावधान नलाग्ने कुनै कारण छैन । सवारी कसुरका कसुरदारलाई कडा सजाय गरी कसुरदारबाट थप कसुर नहोस् भन्ने परिणाम प्राप्त

गर्नका लागि सजायको निरोधात्मक सिद्धान्तको प्रयोग गर्नु अनिवार्य नै हुन्छ । सवारी दुर्घटनाको दुष्परिणाम जनधनको ठूलो क्षति भएको र जीवनको रक्षा राज्य तथा फौजदारी न्यायको मूल दायित्व भएकाले यसमा माथि उल्लिखित काबुभन्दा बाहिरको परिस्थिति नदेखिएसम्म दयामाया गर्नु भनेको जनसाधारणको जीवनरक्षाको दायित्वबाट पन्छिनु हो । सवारी अनुमतिपत्र नभएमा पनि सवारी चलाउँदा मानिस मरे पनि हलुका सजाय मात्र हुन्छ भन्ने सन्देश प्रवाहित हुनु भनेको अराजकता र दण्डहीनताको सूत्रपात हुनु हो । प्रतिवादी चालकको यस्तो हँकाइलाई चरम अक्षमता र गैरजिम्मेवारीपूर्ण हँकाई भन्नुपर्छ । यसबाट निजको हँकाइको स्तर सक्षम र सतर्क चालकको हँकाइको स्तरभन्दा निक्कै तल्लो रहेको मान्नुपर्ने ।

प्रतिवादी चालकले अरू सडक प्रयोगकर्ताको सुरक्षाको कुनै ख्याल नगरी उच्चस्तरको अक्षमता, दोष, कमी गरी जानीजानी लापरवाही गरी सवारी चलाएको सम्बन्धमा माथि विवेचना भैसकेको अवस्थामा कसैको ज्यान मर्नसक्छ भन्नेजस्तो नदेखिएको अवस्थामा सवारी चलाउनेलाई आकर्षित हुने उक्त दफा १६१ को उपदफा (३) यी प्रतिवादीलाई लाग्ने कानूनसम्मत आधार रहेको नपाइने हुँदा यी प्रतिवादीले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को कसुर गरेको देखिँदा सोही दफा १६१(२) बमोजिम सजाय गर्नुपर्नेमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) अन्तर्गतको कसुर कायम गरी ६ महिना कैद र रू १ हजार जरिवाना गरेको सर्लाही जिल्ला अदालतबाट भएको फैसला सदर गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६७।१।२९ मा भएको फैसला नमिलेकाले उल्टी भै प्रतिवादी रामकेवल राय यादवलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिमको कसुरमा सोही दफा १६१(२) बमोजिम २ वर्ष कैद हुने र सवारी अनुमतिपत्र नभै सवारी चलाएकाले उक्त दफा १६१ को उपदफा (४) बमोजिम रू. २ हजार जरिवानासमेत हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल साउन २५ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६८-CR-३०९, चेक अनादर रकम दिलाई भराइपाउँ, *शुशीलकुमार मानन्धर वि. विभु कायस्थ*

प्रस्तुत विवादमा वादीको पक्षमा अनुमान गर्न मिल्ने नमिल्ने के हो सो विचार गरी हेर्दा नेपालको उक्त कानूनमा भारतको कानूनको दफा १३८ मा for the discharge, in whole or in part, of any debt or other liability र त्यसको Explanation मा For the purposes of this section, “debt or other liability” means a legally enforceable debt or other liability उल्लेख भएबमोजिम कुनै ऋण वा दायित्वबापत सो चेक दिएको हुनुपर्ने भन्ने स्पष्ट व्यवस्था नभए पनि बिना कुनै दायित्व त्यतिकै चेक साट्नु भनी पठाएको चेकमा समेत त्यसरी चेक लिएर जाने व्यक्तिले धारकको अधिकार पाउँछ भन्दा कानूनले गलत व्यक्तिलाई संरक्षण दिएको अवस्था हुन पुग्छ । कुनै पनि कानूनलाई हास्यास्पद र अन्यायपूर्ण किसिमले व्याख्या गर्न मिल्दैन । व्यवहारमा हेर्दा कुनै चेक साट्नका लागि कामदार कर्मचारी, इष्टमित्र, नातागोताका मानिसलाई चेक दिई पठाउने चलन प्रसस्तै देखिन्छन् । त्यसैगरी कुनै हरहिसाब वा बाँकी बक्यौताबापत चेक दिएको हो भने कतिपय अवस्थामा मौखिक कारोबारमात्र रहेको हुन्छ तर व्यापारिक

कारोबारको सिलसिलामा सो भएको हो भने त्यस्ता पक्षहरूबिच कुनै व्यापारिक वा अरू लेना देना देखिने बहीखाता वा व्यवहार रहेको अवस्था रहन्छ। तीबाहेक तेस्रो श्रेणीमा पर्याप्त  रकम नभएको खाताबाट चेक काटेर दिने काम पनि हुने गर्छ। यस्ताको काम ठगीभित्र समेत पर्ने हुन्छ। यस्तो काम सामान्यतया कुनै काम वा प्रमाणपत्र दिलाउँछु वा विदेश पठाइदिन्छु वा महिनावारी यति जम्मा गरेमा यति अवधिपछि एकमुष्ट यति पाइन्छ, दिन्छु भन्ने प्रलोभन आदि देखाई गफलतमा पारी ठग्ने वा झुक्याउने नियतका साथ वा सुरूमा सो नियत नभए पनि पछिबाट त्यस्तो मनसाय लिई पैसा पचाउने हिसाबले चेक दिने काम भए गरेको पनि पाइने।

वादीको फिरादपत्रमा आफू र प्रतिवादीबिच व्यापारिक कारोबार रहेको सो सन्दर्भमा उक्त चेक आफ्नो लेनाबापत प्रतिवादीले दिएको भन्नेबाहेक वादीले के कस्तो व्यापारिक कारोबार अर्थात् कुन सेवा वा सामानको आपूर्ति वा कमिसन वा मुनाफा केबापत सो रकम पाउनु पर्ने हो ती कुनै पनि सान्दर्भिक कुरा उल्लेख हुन सकेको पाइँदैन। वादीले यस सम्बन्धमा सम्झौता, बिल, मेमो, लेजर, लेखाका हिसाब किताब कुनै पनि लिखत पेस गरी स्पष्ट गर्न सक्नुभएको नपाइने।

बलराम भन्ने व्यक्ति र वादी सुशीलकुमार मानन्धर एकै व्यक्ति भएको बलराम भन्ने व्यक्ति आफ्नो फर्मको कामदार भएको र फर्मको काम कारोबारको लागि निजलाई ती चेकहरू साट्न पठाएको भन्ने प्रतिवादीको जिकिरबमोजिम बलराम र सुशीलकुमारको हस्ताक्षर जाँच गर्न पठाइएकामा ती हस्ताक्षर आपसमा मिले भिडेको भन्ने रेखा तथा लेखा विशेषज्ञको राय र बकपत्रसमेत देखिन्छ। यसबाट पनि वादीले ती चेकहरू चेक खिच्ने व्यक्तिको कर्मचारीको नाताले फर्मको कामको लागि पाएको देखिने।

वादीले ती चेकहरू बैंकमा पेस गरेको महत्त्वपूर्ण प्रमाणको रूपमा प्रतिवादीको बैंक स्टेटमेन्ट वादीबाट पेस भएको भन्ने कुरालाई सुरूले आधार बनाएको देखिन्छ। तर स्टेटमेन्ट भन्ने कुरा कामदार कर्मचारीले नपाउने कुनै कारण छैन। स्टेटमेन्ट पाएको कारणबाट चेकलाई बैंकमा पेस गरेको भन्न नमिल्ने।

पाँच वर्षसम्म प्रतिवादीले चेक फिर्ता लिनु पर्ने काम नगरेको कुरालाई पनि वादी दाबी पुग्ने आधार मानिएको छ  तर सो कुराबाट वादी दाबी पुग्ने कानूनी व्यवस्था उक्त ऐनमा रहे भएको पाइँदैन। चेक सम्बन्धमा सोध्दा एकाउन्टमा चेक फिर्ता गरेको भनी वादीले जवाफ दिएको भन्ने प्रतिवाद जिकिर रहेकाले यो कुरालाई वादी दाबी पुग्ने आधार बनाउन नमिल्ने।

तर सर्वोपरि कुरा विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १५ ड्रअरको दायित्वः *स्वीकार गर्ने व्यक्ति वा ड्रयीबाट विनिमयपत्र अनादर भएको वा स्वीकार नगरिएको कुरा ड्रअरलाई रीतपूर्वक सूचित गरिएमा धारकलाई क्षतिपूर्ति गरिदिनु ड्रअरको कर्तव्य हुनेछ*। दफा ४७ *ड्रअरमाथि दाबी गर्दा चेक प्रस्तुत गर्नु पर्नेः (१) जुन बैंकउपर चेक खिचिएको छ सो बैंकमा चेक प्रस्तुत नगरी कसैले पनि ड्रअरउपर दाबी गर्न पाउने छैन। (२) मनासिब समयभित्र चेक प्रस्तुत नगरेको कारणबाट कसैलाई कुनै नोक्सानी हुन गएमा सो नोक्सानीको रकम ड्रअरसँग दाबी गर्न सकिने छैन।* दफा ५३ *भुक्तानीः दफा ५६ को अधीनमा रही विनिमय अधिकारपत्रको भुक्तानी धारकलाई दिनुपर्नेछ। तर कुनै बैंकउपर खिचिएको चेक वा ड्राफ्टको हकमा सो चेक वा ड्राफ्ट खिचिएको मितिले ६ महिनाभित्र भुक्तानीको लागि बैंकसमक्ष प्रस्तुत नगरिएमा त्यसको भुक्तानी दिन बैंक बाध्य हुने छैन*। दफा ६६ *अनादरको सूचनाः विनिमेय अधिकारपत्र अस्वीकृतिद्वारा वा भुक्तानी दिन इन्कार गरी अनादर गरिएकामा सो कुराको सूचना*

*धारक वा त्यसप्रति उत्तरदायी हुने कुनै पक्षले सो अधिकारपत्रसँग सम्बन्धित सबै पक्षलाई दिनुपर्नेछ र तीमध्ये कुनै पक्षलाई यस्तो कुरा सूचित नगरिएको भए त्यस्तो पक्ष सो अधिकारपत्रप्रति उत्तरदायी हुने छैन। तर यस दफामा लेखिएको कुनै कुराले प्रतिज्ञापत्र लेखिदिने व्यक्ति विनिमेयपत्र स्वीकार गर्ने व्यक्ति वा ड्रयीलाई अनादर भएको सूचना गर्न आवश्यक हुने छैन* भन्नेसमेतको व्यवस्था देखिन्छ भने दफा ६७ मा अनादरको सूचना मौखिक वा लिखितरूपमा दिन सकिने व्यवस्थाबमोजिम चेक खिचिएको व्यक्तिले भुक्तानीको लागि सम्बन्धित चेक सम्बन्धित बैंकमा सकभर चाँडो र ६ महिनाभित्रै पेस गर्नुपर्ने, अनादर भएमा चेक लेख्ने व्यक्तिलाई त्यसको सूचना दिनु पर्ने र मुद्दा मामिलामा आफू सुरक्षित हुनको लागि नोटरी पब्लिकबाट अनादर भएको व्यहोरा प्रमाणित गराउनु पर्ने नभएमा चेक खिच्ने व्यक्ति सो चेकमा उल्लिखित रकमको भुक्तानी गर्न जवाफदेही नहुने भन्ने स्पष्ट व्यवस्था रहेको देखिन्छ । सोबमोजिम वादीले प्रतिवादीलाई चेक अनादर भएको सूचना दिएको देखिँदैन। चेक बैंकमा पेस भएको रीतपूर्वकको प्रमाण चेकमा उल्लेख हुन सकेको नपाइने।

वादीले दाबीको चेक पाएपछि खल्तीमा राखेर बस्ने र सोझै दफा १०८ को ५ वर्षको हदम्याद समाती अदालतमा आउन मिल्ने कुनै व्यवस्था संरचना नरहेको कुरा उक्त ऐनको दफा १५, ४७, ५३, ६६ र ६७ को अध्ययनबाट स्पष्ट हुन्छ। ती दफाहरूबमोजिम सम्बन्धित चेक बैंकमा पेस गर्ने काम भएपछि र त्यहाँबाट चेक अनादर भएपछि चेक लेख्ने व्यक्तिलाई अनादरको सूचना नदिएसम्म आकर्षित हुने अवस्था रहँदैन। यसमा वादीले मुद्दा गर्ने कारण परेको मितिलाई प्रष्ट गर्न सकेको नदेखिने।

वादीले आफूलाई सुरक्षित राख्नका लागि दफा १५ लगायतका कानूनबमोजिम चेकलाई बैंकमा पेस गरेको, अनादरको सूचना दिएकोसमेतको कुरामा आफू सुरक्षित रहनका लागि दफा ७१ तथा दफा ७२ को कानूनबमोजिम नोटरी पब्लिकबाट चेक अनादर भएको कुरा प्रमाणित गराउन सक्नु पर्नेमा सो नगरेको र नसकेको अवस्थामा वादीको मौखिक कथनको भरमा वादी दाबी पुग्ने गरी गरेको सुरू अदालतको फैसला निश्चितरूपमा मिलेको देखिँदैन । त्यसलाई उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहराएको पुनरावेदन अदालतको फैसलामा विपक्षी झिकाएको यस अदालतको आदेशसँग सहमत हुन सकिएन । पुनरावेदन अदालत, पाटनको मिति २०६७।१०।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: चन्द्रा तिमल्सेना

संवत् २०७२ साल साउन २५ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०६७-CR-१०५०, कर्तव्य ज्यान, *शिवलाल ढकाल वि. नेपाल सरकार*

मृतकको लास जाँच हुँदा पछाडि ढाडमा ३ १/२” लम्बाइ १/२” चौडाइ भएको गहिरो घाउचोट र दायाँ गोडाको पछाडि १ १/२” लम्बाइ भएको गहिरो घाउ चोट, दायाँ पाखुराको कुनामा १” लम्बाइ भएको घाउ चोट रहेको भन्ने लास जाँच मुचुल्कामा उल्लेख भएको पाइन्छ भने Caus of death मा shock due to exessive bleeding भन्ने उल्लेख भएको देखिँदा मृतक देवीप्रसादको मृत्यु प्रतिवादी शिवलाल ढकालको बन्चरो प्रहारबाट घाइते भै अत्यधिक रक्तश्रावबाट Shock को कारण मृत्यु भएको भन्ने तथ्य पुष्टि हुने।

सुरू बर्दिया जिल्ला अदालतले ८ वर्ष र पुनरावेदन अदालत नेपालगन्जले प्रतिवादी शिवलाल

ढकाललाई अ.बं. १८८ नं. बमोजिम १० वर्षमात्र कैद सजाय गरी रायसमेत व्यक्त गरेको मिलेको छ छैन र प्रतिवादीको कानून व्यवसायी अधिवक्ता अम्मर राउतले सोही रायलाई सदर कायम गरिपाउँ भनी गर्नुभएको जिकिरतर्फ विचार गर्दा मृतक देवीप्रसाद ढकाल र प्रतिवादी शिवलाल ढकालको नाता सम्बन्ध सहोदर दाजुभाइ रहेको देखिन्छ । मृतक देवीप्रसाद ढकाल र प्रतिवादी शिवलाल ढकालको बिचमा ज्यान मार्नेसम्मको पूर्व रिसइवी रहेको देखिँदैन। प्रतिवादीको रूपैयाँ मृतकले खाई दिएको कारणबाट मात्र प्रतिवादी शिवलाल ढकालको मृतक देवीप्रसाद ढकालउपर रिस उठने गरेको र वारदातको दिन मिति २०६७।५।३० गते पनि मृतकले चेस खेलिरहेको अवस्थामा प्रतिवादी शिवलाल ढकालले मृतक दाजु देवीप्रसाद ढकाललाई देखेपछि रिस उठी घरमा गै बन्चरो लिई मृतकलाई पछाडिबाट बन्चरोले प्रहार गरी ढाड र खुट्टामा हानी मारेको देखिन्छ । प्रतिवादीले मृतकलाई बन्चरोले प्रहार गरे पनि मार्ने पूर्वयोजना तथा षड्यन्त्र रहे भएको देखिँदैन । प्रतिवादीले भारतमा गै दुखजेलो गरी कमाएको धनबाट सेलर मिल किन्न दिएको रू. ३ लाख र राजमार्ग छेउको जग्गा खरिद गर्न भनी रू. १ लाख ५० हजारसमेत दिएकामा राजमार्गदेखि धेरैभित्र घडेरी किनी दिएको कारणबाट प्रतिवादी शिवलाल ढकालले रिस थाम्न नसकी तर्साउनको लागि प्रहार गरेको बन्चरोबाट देवीप्रसाद ढकालको मृत्यु भएको अवस्था देखिँदा प्रतिवादीले मृतकलाई ढाडमै बन्चरो प्रहार गरेको देखिँदा धारिलो हतियार प्रहार भएको अवस्थालाई विचार गर्दा केवल ८ वर्षमात्र कैद सजाय गर्ने गरी राय व्यक्त गरेको सुरू जिल्ला तथा १० वर्ष कैद सजाय गरेको पुनरावेदन अदालतको रायसँग सहमत हुन सकिएन। अतः अ.बं. १८८ नं. बमोजिम प्रतिवादी शिवलाल ढकाललाई १८ वर्ष कैद सजाय हुने।

इजलास अधिकृत : जवाहरप्रसाद सिंह
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७१ साल चैत ९ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, २०६७-CR-०५३७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लालबहादुर बुढा*

मृतक भागवीर बुढालाई मार्नुपर्नेसम्मको पूर्व रिसइबी प्रतिवादीहरूमा रहेको थियो भन्ने देखिन आउँदैन । अन्यथा प्रतिवादीहरू स्वयम्ले मृतकलाई बोकेर उपचार केन्द्रसम्म लैजाने तथा औषधोपचारको खर्चसमेत स्वयम्ले व्यहोर्नु पर्ने थिएन । मृतकलाई प्रतिवादीहरूले मरे मरोस् भन्ने आसय लिएको भए मृतक भागवीरलाई यी प्रतिवादीहरूले उपचार केन्द्रसम्म आफैँले बोकेर लानु पर्ने र खर्चसमेत आफैँले व्यहोर्नु पर्नेसम्मको तदारूकता देखाउनु पर्ने अवस्था नभएको हुँदा, मृतकउपर मरोस् भन्ने भावना रहेको थियो भनी मान्न सकिने अवस्था देखिँदैन । जुनकुरा मृतककी श्रीमती तथा जाहेरवालीले ढाटी बुढा स्वयम्ले गरिदिएको कागज भनि मिसिल संलग्न बकपत्रसमेतबाट पुष्टि भैरहेको छ । जाहेरवालाहरू दुवैजनाको बकपत्रबाट मृतकउपर भएको कुटपिट निजहरू आफैँले प्रत्यक्ष देखेको नभई सुनेकोसम्म हो भन्ने देखिन्छ। त्यस्तो कथनलाई गढाउ हुने प्रमाणको रूपमा ग्रहण गर्न सकिने अवस्था नदेखिने।

मृतक स्वयम्को क्रियाकलापबाट नै प्रतिवादी किरबहादुर बुढा उत्तेजित भै मृतकलाई प्रहार गर्न पुगेको देखिन्छ । "मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइबी र योजना रहेको नदेखिएको अवस्थामा के कस्तो सजाय हुन्छ भन्ने सम्बन्धमा मुलुकी ज्यानसम्बन्धी महलको १४ नं. हेर्दा ज्यान मार्नाको मनसाय रहेनछ,

ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकीचोरीकन हानेको पनि रहेनछ । उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकामा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पिरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ ।" भन्ने व्यवस्था रहेको देखिन्छ। उल्लिखित ऐनको व्यवस्थाले तोकेका अवस्थाहरू र प्रस्तुत मुद्दाको अवस्था र तथ्यबिच तादात्म्यता रहन गएको देखिन्छ । त्यसरी मृतक स्वयम्‌को क्रियाकलापबाट घटनाक्रम उत्तेजनापूर्ण भै मृतकउपर प्रहार हुन पुगेको अवस्थामा त्यस्तो वारदातलाई पूर्वनियोजितरूपमा घटे घटाएको कर्तव्य ज्यान जस्तो गम्भीर प्रकृतिको मुद्दा ठहरिन सक्ने नभै आवेश प्रेरित हत्यासम्म ठहरिन सक्ने।

मृतकको ज्यान जानेसम्मको वारदातमा प्रतिवादी लालबहादुर बुढाको समानान्तर सहभागिता थियो भनी युक्तियुक्त र शङ्कारहित तवरले पुष्टि हुन सकेको अवस्था देखिँदैन । यस स्थितिमा निज प्रतिवादी लालबहादुर बुढालाई सफाइ दिएको मिलेन, निजलाई समेत ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम हदैसम्म कैद सजाय गरिपाउँ भनी वादी नेपाल सरकारले लिएको मागदाबीसँग सहमत हुनसक्ने अवस्था नरहने।

प्रतिवादीहरूमध्ये किरबहादुर बुढालाई तत्कालैको परिस्थितिबाट उठेको रिस थाम्न नसकी मृतकलाई बाउसा (काठ) को बिँडले प्रहार गर्दा मृत्यु भएको भन्ने कारणले आवेशप्रेरित हत्या ठहर्‍याई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्षमात्र कैद हुने र अर्का प्रतिवादी लालबहादुर बुढाले वादी पक्षले तथ्ययुक्त र शङ्कारहित प्रमाणले पुष्टि गर्न नसकेको भन्नेसमेत आधारमा निजलाई कसुरबाट सफाइ दिने ठहर्‍याई सुरू बागलुङ जिल्ला अदालतबाट भएको फैसलालाई नै सदर कायम गरेको पुनरावेदन अदालत, बागलुङको मिति २०६७।२।११ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७१ साल फागुन १९ गते रोज ३ शुभम्।

## इजलास नं. ८

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०८५५, कर्तव्य ज्यान, *सुकुमन रोका वि. नेपाल सरकार*

प्रतिवादीले चक्कुले हानेकै कारण मृतकको मृत्यु भएको हो भनी अदालतमा गरेको बकपत्र, घटना विवरण कागज गर्ने व्यक्तिहरू लयन रोका, कामी पुन र लोक रोकाले अदालतमा गरेको बकपत्र, लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदनमा मृतकको बायाँ Ventricle मा १$^{१}/_{२}$X१ इन्च धारिलो चोट रहेको, अत्यधिक रगत बगेको र Hypovolumic shock को कारण मृतकको मृत्यु भएको हो भन्ने मिसिल संलग्न तथ्य प्रमाणबाट समेत प्रतिवादी सुकुमन रोकाले आफ्नो साथमा राखेको चक्कुले दाजु डुकुमन रोकाको कोखमा प्रहार गर्दा लागेको चोटको कारण अत्यधिक रक्तश्राव हुन गई निज डुकुमन रोकाको मृत्यु भएको पुष्टि भएकाले ज्यानसम्बन्धी महलको १ नं. र १३(१) नं. विपरीत कसुर अपराध गरेकाले निजलाई सोही ऐनको दफा १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई रोल्पा जिल्ला अदालतबाट मिति २०६७।३।२० मा भएको फैसलालाई सदर हुने ठहर गरी पुनरावेदन अदालत, तुलसीपुर दाङबाट मिति २०६८।३।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी सुकुमन रोकालाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद

गर्दा चर्को पर्ने हुँदा प्रतिवादीलाई ८ (आठ) वर्ष कैद गर्दा पनि कानूनको मनसाय पूरा हुनसक्ने भनी पुनरावेदन अदालत, दाङबाट व्यक्त भएको अ.बं. १८८ नं. बमोजिमको रायसमेत मिलेकै देखिँदा सदर हुने ।

शाखा अधिकृतः देवी चौधरी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल असार ९ गते रोज ४ शुभम् ।

## एकल इजलास

१

**मा.न्या. श्री बैद्यनाथ उपाध्याय,** ०७२-WH-००२५, बन्दीप्रत्यक्षीकरण, *नीता भन्ने हेमकुमारी रिजालका हकमा कालुमायाँ तामाङ रिजाल वि. बिमला ज्ञवालीसमेत*

नाबालिकाको सबैभन्दा भरपर्दो संरक्षक केही अपबादबाहेक आमा नै हो भन्ने कुरामा कुनै विवाद हुने अवस्था हुँदैन । पीडित नाबालिकाको आमा रिट निवेदिका भएको तथ्यमा विवाद देखिँदैन । पीडित नाबालिका आमासँग जान चाहेकी छन्, छैनन् ? र उनी आमासँग बस्दा सुरक्षित हुन्छिन् कि बाल कल्याण समितिमा रहँदा सुरक्षित हुने हो ? भनी पीडित नाबालिकाको हितबाट सोच्नुपर्ने हुन्छ । विपक्षीबाट पेस भएको श्रव्यदृश्य हेरिँदा आमाले छोरीलाई यहाँ (CWISH संस्थामा) नबस फर्को भनी भरमजदुर प्रयास गरेकी र छोरीले आफ्नो हकको लागि आमाको साथ मागेको र अदालतमा गई आफूले भन्नुपर्ने कुरा नभनेसम्म त्यही (CWISH संस्थामा) सुरक्षित भई बस्नुपर्ने कुरा गरी आमालाई सम्झाएको देखिन्छ । कुनै विवादमा नाबालकको हक र उसको अवस्थाको विषयमा निर्णय गर्नुपर्दा नाबालकको हकमा संवेदनशील भई सकेसम्म उसकै पक्षमा सोचिनु पर्ने । प्रस्तुत विवादमा निवेदिका नाबालिकाको आमा भए पनि आमाको माया छोरीतर्फ रहे पनि अरू परिस्थितिले गर्दा आमाको सोचाइमा पूर्वाग्रह छ छैन, कुनै कुराले आमालाई प्रभाव (Influence) गरिरहेको छ, छैन भनी हेरिनु पनि पर्ने ।

एक्कासी आमा मोरङ जिल्लाबाट काठमाडौं आई यो बन्दीप्रत्यक्षीकरणको आदेश माग गरी आएको र हेरिएको श्रव्यदृश्यबाट नाबालिका छोरीले आफ्नो भनाइ अदालतमा राख्न र आफूलाई सहयोग गर्न आमालाई सम्झाउने र आमाले छोरीलाई लिई जाने हर प्रयास गरेको बार्ताबाट देखिएको अवस्थामा प्रस्तुत रिट निवेदन जारी गरी सुरक्षित स्थान जिल्ला बाल कल्याण समितिमा बसेकी नाबालिकालाई त्यहाँबाट हटाउँदा झन् नाबालिकाको लागि खतरा हुने अवस्था रहेको देखिन आयो । यौन हिंसामा परेकी नाबालिका सुरक्षित रहेको र निजउपर यौन हिंसा गर्नेउपर अनुसन्धानात्मक कार्य भैरहेको अवस्थामा नाबालिका आमा नै भए पनि निजलाई तत्काल निवेदिकालाई जिम्मा लगाउँदा पनि पीडित नाबालिकाको हितमा नहुने र जबरजस्ती करणी मुद्दालाई कमजोर बनाउन सक्ने खतराको अवस्था आउन दिन नमिल्ने ।

नाबालिकाको आमा कालुमाया तामाङ रिजालले CWISH संस्थामा मिति २०७२।६।१९ मा दिएको निवेदनमा नाबालिका छोरी नीता रिजालमाथि यौनजन्य अपराध जबरजस्ती करणीको जाहेरी परी भरत कार्की र उमेश खत्री दुवैजना नेपाल प्रहरी सातदोबाटोमा थुनुवाको रूपमा रहेको भनी उल्लेख भएकामा निज कालुमायाले यस अदालतमा दिएको बन्दीप्रत्यक्षीकरणको निवेदनमा उक्त व्यहोरालाई उल्लेखसम्म गरेको पाइँदैन । निवेदिकालाई पूर्व जानकारी रहेको तथ्य लुकाई निवेदन लिई आएकामा उक्त तथ्य विपक्षीहरूबाट उजागर भई संवेदनशील तथ्यको जानकारी यस अदालतले पाएको अवस्था छ । यसबाट निवेदिका सफा हात लिई अदालतमा

आएको देखिन नआउने हुँदा नाबालिका घरेलु कामदारका रूपमा रहेको अवस्थामा घरधनी भरत कार्की र निजका साला नाताका उमेश खत्रीबाट पटकपटक यौन हिंसामा परेको र निजउपर जबरजस्ती करणी मुद्दामा अनुसन्धान भैरहेको अवस्थामा पीडकहरूबाट पीडित नाबालिकालाई सुरक्षा र सामाजिक मनोपरामर्शमा राखिएको अवस्था देखिएको र तत्काल निवेदिका आमाको जिम्मामा नाबालिकालाई लगाउँदा जबरजस्ती करणी मुद्दाको अनुसन्धान कार्य प्रभावित हुने देखिएकाले निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर अपरेटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल कात्तिक १ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली,** ०७२-WH-००३२, बन्दीप्रत्यक्षीकरण, *लिलाबहादुर बुढाथोकीको हकमा विष्णु बुढाथोकी वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ४ ले सो ऐनअन्तर्गतको मुद्दा वारदात भएको वा उजुर परेको मितिले ७ दिनभित्र मुद्दा दायर गरिसक्नु पर्ने तर वारदात भएको सात दिनभित्र मुद्दा दायर गर्न नसकिने मनासिब माफिकको कारण देखेमा मुद्दा हेर्ने अधिकारीले वारदात भएको पैंतीस दिनभित्र मुद्दा दायर गर्ने गरी म्याद थप गरिदिन सक्नेछ भन्ने कानूनी व्यवस्था भएकामा यी निवेदकउपर सात दिनभित्र मुद्दा दर्ता गर्न नसकिने भए कारणसहितको म्याद थप गर्नुपर्नेमा असम्बद्ध ऐन (सरकारी मुद्दासम्बन्धी ऐन, २०४९) अनुसार म्याद थप गरी थुनामा राखिएबाट निवेदकको थुना गैरकानूनी देखिन आउँदा निवेदक बन्दी लिलाबहादुर बुढाथोकीको बिरूद्धमा कानूनले तोकेको अवधिभित्र मुद्दा दायर हुन नसक्ने देखिएकाले मागबमोजिम विपक्षीका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल कात्तिक ८ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७२-WH-००२८, बन्दीप्रत्यक्षीकरण, *बालकृष्ण नगरकोटीसमेत वि. मकवानपुर जिल्ला अदालतसमेत*

निवेदकहरूउपर मकवानपुर जिल्ला अदालतमा दायर भएको कर्तव्य ज्यान मुद्दामा मिसिल संलग्न सबुद प्रमाणको विवेचना गरी निजहरूलाई थुनामा राखी मुद्दा पुर्पक्ष गर्ने भनी भएको आदेश परिवर्तन नगर्ने भनी पुनरावेदन अदालत, हेटौंडाबाट समेत समर्थित भइरहेको देखिँदा तहतह सक्षम अदालतबाट निवेदकहरूलाई थुनामा राख्ने आदेश भएकामा न्याय प्रशासन ऐन, २०४८ को दफा १६ ले सो आदेशउपर सर्वोच्च अदालतमा निवेदन दिई उपचार प्राप्त गर्नसक्ने नै देखिँदा बन्दीप्रत्यक्षीकरणको निवेदनको माध्यमले मुद्दाको तथ्यभित्र प्रवेश गरी सक्षम निकायले थुना राख्ने गरी गरेको आदेश सम्बन्धमा बोल्न मिल्ने अवस्था नरहेकाले विपक्षीहरूबाट लिखित जवाफ मगाइरहन नपर्ने हुँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल असोज २८ गते रोज ५ शुभम् ।

## रित / बेरीत आदेश

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-RE-००६४, वैदेशिक रोजगार कसुर, *छत्रबहादुर श्रेष्ठ वि. नेपाल सरकार* वैदेशिक

रोजगार न्यायाधिकरण, काठमाडौं

प्रतिवादी छत्रबहादुरलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० को बिनाइजाजत वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेको कसुरमा ऐ. ऐनको दफा ४३ बमोजिम सजायको माग दाबी लिई मुद्दा चलाएको देखिन्छ। जाहेरवालाहरूलाई विभिन्न देशमा पठाउने प्रलोभन देखाई नक्कली भिसा कागजात बनाई विदेशमा पुर्‍याएको भन्ने जाहेरीसमेत देखिएको र वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिमको कसुरमा तीन लाखदेखि पाँचलाखसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुने व्यवस्था रहेको देखिन्छ । यस्तो अवस्थामा मुलुकी ऐन, अ.बं. ११८(२) को रोहमा विचार गर्नुपर्नेमा सोबमोजिम नगरी धरौट माग गरेको मिलेको नदेखिएकाले त्यस न्यायाधिकरणको आदेश बदर हुने।

इति संवत् २०७२ साल माघ ६ गते रोज ४ शुभम्।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-RE-००७७, अवैधरूपमा रेडपाण्डाको छाला लुकाई छिपाई राखेको, *रामबहादुर नेकोर तामाङ वि. नेपाल सरकार*

यसमा प्रतिवादी रामबहादुर नेकोरले कसुरमा इन्कार रही प्रहरी तथा अदालतमा बयान गरेको, निजको साथबाट दसी बरामद भएको पनि नदेखिएको, निजको कसुरमा संलग्नता रहेको भनी सहअभियुक्तहरूले पोल गरेको पनि नदेखिएको, निजको अनुपस्थितिमा निजको जानकारी वा अनुमतिबिना सहअभियुक्तले निजको गोठमा दसी राखेको तथा लगेको कुराले मात्रै निजको कसुरजन्य कार्यमा सहभागिता रहेको भनी विश्वास गर्न सकिने आधार नहुने हुनाले पुर्पक्ष निमित्त थुनामा राख्ने गरेको सुरूको आदेश सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७२।४।२१ को आदेश मिलेको नदेखिएकाले बदर हुने।

इति संवत् २०७२ साल पुस २९ गते रोज ४ शुभम्।

## अन्तरिम आदेश

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ**, ०७२-WO-०४८२, उत्प्रेषण, *बोदनाथ दुवाडीसमेत वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसमेत*

निवेदकहरूको सवारी साधनले काठमाडौं माछापोखरी, स्वयम्भु कलङ्कीदेखि धादिङसम्म इजाजत पत्रको क्षेत्र तोकि इजाजत पत्र पाएको देखिएकामा यातायात व्यवस्था कार्यालय, साना / ठूला सवारी, बागमतीको मिति २०७२।८।२२ को बोधार्थ पत्रमा काठमाडौंदेखि धादिङबेसीसम्म मात्र रूट कायम गरेको भन्ने उल्लेख भएको देखिएको र सोसम्बन्धमा निवेदकबाट कुनै कुरा बुझिएको नदेखिएकाले तत्काल उक्त बोधार्थ पत्र तथा त्यसमा उल्लेख भएको निर्णय कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल माघ १० गते रोज १ शुभम्।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ**, ०७२-WO-०४८४, उत्प्रेषण, *शान्ति बलमपाकी वि. स्वास्थ्य मन्त्रालयसमेत*

निवेदक महिला देखिएकी, निजको २ वर्षमुनिको बच्चा रहेको र पदस्थापना भएको स्थानमा सरूवाको लागि अवधि पुगेको भन्ने पनि नदेखिएको तथा विवादित मिति २०७२।८।२९ को निर्णयउपर महानिर्देशकसमक्ष निवेदन दिएकामा सोमा विचार भैसकेको अवस्था पनि नदेखिएको भै नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१ग को उपनियम (ख) कोसमेत प्रतिकूल सरूवा भन्ने प्रथम दृष्टिमा नै

देखिएकाले प्रस्तुत रिट निवेदनको किनारा नहुन्जेल निवेदिकालाई सरूवा गर्ने गरेको मिति २०७२।८।२९ को सुदुर पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयको निर्णय मिति २०७२।९।१ को सरूवा पत्रसमेत तत्काल कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षहरूका नाउँमा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल माघ १० गते रोज १ शुभम्।

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ**, ०७२-WO-०४९४, उत्प्रेषण, *तोमलाल गिरी वि. स्वास्थ्य सेवा विभाग, टेकु काठमाडौंसमेत*

निवेदकलाई नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१ख को देहाय (घ) मा भएको कानूनी व्यवस्थाप्रतिकूल हुने गरी पहिले जुन कार्यालयबाट सरूवा भएको हो पुन: सोही कार्यालयमा सरूवा गरेको देखिएकाले पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखराको मिति २०७२।८।२९ को सरूवा पत्र कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल माघ १० गते रोज १ शुभम्।

४

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ**, ०७२-WO-०४९५, उत्प्रेषण, *कल्पना कुमारी कार्की वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत*

निवेदक मिति २०६६।६।२३ मा नियुक्त भएको भवानी माध्यमिक विद्यालयको पत्रबाट देखिएको भै लामो समयदेखि कार्यरत् व्यक्तिको हकमा शिक्षा नियमावली, २०५९ मा विवादित नियम २२(च) को प्रावधान नै नदेखिएको अवस्थामा त्यसतर्फको रित नपुर्‍याएको भन्ने प्रश्न उठाई निवेदकलाई राहत दरबन्दीबाट विस्थापित गर्ने गरेको उक्त विद्यालयको मिति २०७२।९।२४ को पत्र एवम् सम्बद्ध निर्णयहरू तत्काल कार्यान्वयन गर्न मिल्ने नदेखिएकाले कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल माघ १० गते रोज १ शुभम्।

- यसै प्रकृतिको ०७२-WO-०४९६, उत्प्रेषण, *रामकुमार बर्तौला वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

५

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ**, ०७२-WO-०४९७, उत्प्रेषण, *राजकिशोर यादव वि. निजामती किताबखाना, हरिहरभवन, पुल्चोकसमेत*

निवेदकले अवकाश सम्बन्धमा यसअघि दायर गरेको रिट निवेदनमा अन्तरिम आदेश जारी भएको मिसिल संलग्न कागजातबाट देखिँदासमेत प्रस्तुत रिट निवेदनमा अन्तरिम आदेश हुँदा ठहरेबमोजिम हुने गरी हाललाई निजामती किताबखानाको मिति २०७२।८।२४ को पत्र कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल माघ १० गते रोज १ शुभम्।

६

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७२-WO-०४५६, उत्प्रेषण, *दिनेशकुमार यादव वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत*

अन्तरिम आदेशको सम्बन्धमा दुवै पक्ष राखी छलफल गराउन उपयुक्त देखिएकाले मिति २०७२।१०।१० को तारिख तोकी विपक्षीहरूलाई र महान्यायाधिवक्ताको कार्यालयलाई समेत सोको जानकारी दिनू । सो अवधिसम्मको लागि नेपाल आयल निगम लिमिटेडको मिति २०७२।६।२३ को पत्रबमोजिमको कार्य अविलम्ब कार्यान्वयन भएमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने हुँदा अन्तरिम आदेशको छलफलको मितिसम्म उल्लिखित मिति

२०७२।६।२३ को पत्र कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षीको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१)(१) बमोजिम अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल माघ ३ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७२-WO-०४६३, उत्प्रेषण, *सुरूची कन्स्ट्रक्सनको प्रोप्राइटर भई आफ्नो हकमा समेत रणवीर सुब्बा वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौंसमेत*

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६८(१) को प्रक्रिया पूरा नगरी ठेक्का अवधि बाँकी नै रहेको अवस्थामा निवेदकलाई कालो सूचीमा राखिएको देखिँदा सुविधा सन्तुलनको दृष्टिबाट उल्लिखित मिति २०७२।१०।१२ सम्मको लागि निवेदकको विरूद्धमा गोरखापत्र राष्ट्रिय दैनिकमा मिति २०७२।८।२१ मा प्रकाशित सार्वजनिक खरिद अनुगमन कार्यालयको कालो सूचीमा राखिएको सूचना कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को ४१(१)(१) बमोजिम अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल माघ ३ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७२-WO-०४६६, उत्प्रेषण / परमादेश, *सुरेन्द्रप्रसाद यादव वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

निवेदकलाई स्वास्थ्य सेवा विभागको मिति २०७२।७।२३ को पत्रबाट सरूवा गरिएकोमा निजको तह सहायक पाँचौं नै उल्लेख भएको तर अ.हे.ब. पदमा सरूवा गरेको देखिँदा निजको सरूवासम्बन्धी निर्णय यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु, भनी सर्वोच्च अदालत, नियमावलीको नियम ४१(१)(१) बमोजिम विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल माघ ३ गते रोज १ शुभम्।

९

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७२-WO-०४८१, उत्प्रेषण / परमादेश, *कृष्णमणि आचार्य वि. रजिस्ट्रार, सर्वोच्च अदालतसमेत*

निजामती किताबखानाले निवेदकको अवकाशसम्बन्धमा मिति २०६९।११।१४ को पत्रबाट सर्वोच्च अदालतलाई जानकारी पठाएको भन्ने देखिए तापनि सो पत्रको जानकारी निवेदकलाई नगराइएको र सो कारणबाट निजलाई विपक्षी सर्वोच्च अदालतले हाजिर गराई दैनिक कार्य गरी आएकामा खाईपाई आएको तलबसमेत बापतको रकम दाखिला गर्नेबारेको मिति २०७२।९।२ को निर्णय तथा सो निर्णयबमोजिमको मिति २०७२।९।८ को पत्र तत्कालै कार्यान्वयन भएमा निवेदकलाई अपुरणीय क्षति पुग्ने हुँदा सुविधा र सन्तुलित दृष्टिले उल्लिखित मिति २०७२।९।२ को निर्णय तथा मिति २०७२।९।८ को पत्र प्रस्तुत विवादको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु, नगराउनु, यथास्थितिमा राख्नु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१)(१) बमोजिम अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७२ साल माघ ३ गते रोज १ शुभम्।

**अदालत गतिविधि**

## जिल्ला तथा पुनरावेदन अदालतका न्यायाधीशहरूका लागि आयोजित फैसला लेखन सम्बन्धी कार्यशालामा सहभागिता

राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट मिति २०७२।१०।७ मा आयोजित जिल्ला तथा पुनरावेदन अदालतका माननीय न्यायाधीशहरूका लागि फैसला लेखनसम्बन्धी कार्यशालाको समुद्घाटन सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठज्यूबाट भएको थियो। जिल्ला अदालत तथा पुनरावेदन अदालतमा कार्यरत माननीय न्यायाधीशहरूका लागि लक्षित गरी आयोजना गरिएको उक्त फैसला लेखनसम्बन्धी कार्यशालामा सहभागी माननीय न्यायधीशहरूलाई निर्देशन दिँदै सम्माननीय प्रधानन्यायाधीशज्यूबाट माननीय न्यायाधीशहरूले सम्पादन गर्ने कामहरूमध्ये फैसला लेखनको कार्य महत्त्वपूर्ण रहेको, फैसलापश्चात्को महत्त्वपूर्ण कार्य फैसला लेखन हुने र फैसला लेखन कार्य दैनिकरूपमा गरिने भए तापनि विवादको तथ्य, प्राप्त प्रमाण, कानूनको यथोचित प्रयोग र न्यायका मान्य सिद्धान्तमा आधारित भई फैसला लेखिनु पर्ने भएकाले फैसला लेखनको कार्यमा सामयिक परिमार्जन र परिस्कृत हुन आवश्यक रहेको कुरा औंल्याउनु भएको थियो।

यसैगरी निर्देशनकै क्रममा सम्माननीय प्रधानन्यायाधीशज्यूबाट सम्पूर्ण न्यायाधीशहरूले दैनिकरूपमा फैसला लेखनको कार्य गरे तापनि फैसला लेखन जस्तो महत्त्वपूर्ण कार्यमा, फैसला लेखनको स्तरीयतामा प्रश्न उठ्ने गरेको, अदालतका फैसला लम्बेतान, अशुद्ध, तर्कना हुने गरेको भन्ने आलोचना भएको कुरालाई उद्धृत गर्दै त्यस्ता खालको आलोचना आउनुको कारक तत्त्वको पहिचान हुनु र समाधानको बाटोसमेत खोज्नु पर्ने कुरामा जोड दिनुभएको थियो।



फैसला लेखनसम्बन्धी कार्यशालाका सहभागी माननीय न्यायाधीशहरूका साथ
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठज्यू तथा सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरू

## कानूनी नेपाली भाषाको प्रशिक्षण

सर्वोच्च अदालत प्रकाशन, सञ्चार तथा सम्पादन समितिद्वारा पुनरावेदन अदालत, पोखरा र मातहत अदालतमा कार्यरत इजलास अधिकृत तथा सहायक कर्मचारीहरूलाई लक्षित गरी २०७२ साल पुस ११ र १२ गते कानूनी नेपाली भाषाको प्रशिक्षण पोखरामा सम्पन्न भयो । सो कार्यक्रमका प्रमुख अतिथिको रूपमा सर्वोच्च अदालत प्रकाशन, सञ्चार तथा सम्पादन समितिका अध्यक्ष माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायज्यूले पुस ११ गते पानसमा बत्ती बाली कार्यक्रमको विधिवत् उद्‌घाटन गर्नुभएको थियो भने सो उद्‌घाटन सत्रको अध्यक्षता पुनरावेदन अदालत, पोखराका माननीय मुख्य न्यायाधीश श्री डम्बरबहादुर शाहीले गर्नुभएको थियो । त्यसैगरी सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री गोपाल पराजुलीको विशेष आतिथ्यता रहेको थियो।

उक्त कार्यक्रममा प्रमुख अतिथिको आसनबाट मन्तव्य दिनुहुँदै माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायज्यूले संसारमा "परिवर्तन" बाहेक अन्य कुनै पनि विषय स्थायी नभएकाले भाषा स्वयम् पनि परिवर्तनशील छ, त्यसकारण भाषामा आएका परिवर्तनलाई स्वीकार गर्नुपर्दछ भन्नुहुँदै समय सापेक्ष परिवर्तनलाई ग्रहण गर्न सकियोस्, सहभागीहरूमा थप जानकारी होस भन्ने उद्देश्यले यो तालिम सञ्चालन गरिएको हो भन्नुभयो। कानून पत्रिकाको मुलस्रोत सुरू तथा पुनरावेदन अदालतका फैसला तथा आदेशहरू नै हुन् । कानून पत्रिकाले सिङ्गो न्यायपालिकाको प्रतिनिधित्व गर्ने हुनाले त्यसलाई शुद्ध बनाउन पनि हाम्रा फैसला तथा आदेशहरू सुरू देखिनै शुद्ध र सरल लेखनमा हुनुपर्ने तर्फ जोड दिँदै यस कार्यक्रमले सहभागीहरूलाई उचित ज्ञान दिने वातावरण निर्माण गरोस भन्दै कार्यक्रम सफलताको शुभकामनासमेत प्रकट गर्नुभएको थियो।

त्यसैगरी उद्‌घाटन सत्र कार्यक्रममा मन्तव्य दिनुहुँदै विशेष अतिथि, सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री गोपाल पराजुलीले "शुद्धता भित्र सौन्दर्य



पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको समुद्‌घाटन गर्नुहुँदै माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय

र सभ्यता" हुने हुनाले सभ्य भाषिक प्रयोग सभ्य जीवन पद्धतिसँग गाँसिएको हुन्छ, यसको मर्म र भावनालाई बुझेर कानूनी भाषामा शुद्धता ल्याउनका निमित्त कानूनी नेपाली भाषाको यो प्रशिक्षण औचित्यपूर्ण रहेको छ भन्नुहुँदै यस कार्यक्रमबाट सबै सहभागीहरू लाभान्वित हुनुहुनेछन् भन्दै कार्यक्रमको सफलताको कामना गर्नुभयो ।

भाषिक प्रशिक्षण कार्यक्रम उद्घाटन समारोहको अध्यक्ष तथा पुनरावेदन अदालत, पोखराका माननीय मुख्य न्यायाधीश श्री डम्बरबहादुर शाहीले अदालती काम कारवाही पारदर्शी हुनुपर्ने र भाषिक प्रयोग पनि सेवाग्राहीले बुझ्ने किसिमको हुनुपर्ने हुनाले त्यसका लागि शुद्ध र सरल भाषिक प्रयोगको आवश्यकतालाई यसप्रकारका कार्यक्रमले सहयोग पुर्‍याउने छ भन्ने विश्वास व्यक्त गर्नुभएको थियो ।

सर्वोच्च अदालतका सहरजिस्ट्रार तथा प्रकाशन, सञ्चार तथा सम्पादन समितिका सदस्य सचिव श्री नहकुल सुवेदीले भाषा सञ्चारको माध्यम भएकाले स्रोत व्यक्तिले व्यक्त गरेका अर्थमा प्राप्तिकर्ताले बुझ्न सक्ने भाषा प्रयोग गरिनु नै भाषिक प्रयोगको मूल उद्देश्य हुनाले यस्ता प्रशिक्षण कार्यक्रमले गलत अभ्यस्ततालाई परिवर्तन गर्नेछ भन्ने विश्वास व्यक्त गर्नुभएको थियो । उक्त कार्यक्रममा स्वागत मन्तव्य प्रस्तुत गर्नुहुँदै पुनरावेदन अदालत, पोखराका रजिस्ट्रार श्री खड्गबहादुर श्रेष्ठले भाषामा ह्रस्वदीर्घले अर्थमा भिन्नता ल्याउने हुँदा भाषामा सचेत हुनुपर्ने बताउनुभयो ।

प्रा.डा.श्री कुमारप्रसाद कोइराला र उप.प्रा.श्री रामचन्द्र फुयालले भाषिक सत्रलाई अन्तरक्रियात्मक ढङ्गले सञ्चालन गर्नुभएको थियो । भाषाको परिचय, भाषिक भेद र कानूनी नेपाली भाषाको विविध पक्ष, वर्णविन्यासको परिचय, ह्रस्वदीर्घसम्बन्धी नियम र प्रयोग, हलन्त र अजन्तको प्रयोग, साधित र असाधित शब्दको प्रयोग र पहिचानसहित सोदाहरण अभ्याससमेत गराउनुभएको थियो ।

त्यसैगरी लेख्य चिन्हको कानूनी प्रकाशनमा उदाहरणसहितको अभ्यास तथा उपसर्ग तथा



भाषिक प्रशिक्षण कार्यक्रममा मन्तव्य दिनुहुँदै विशेष अतिथि माननीय न्यायाधीश श्री गोपाल पराजुली

परसर्गसम्बन्धी नियम, पञ्चम वर्णसम्बन्धी नियम, पदयोग र पद वियोगसम्बन्धी जानकारी र त्रुटि पहिचान अभ्यासका कक्षाहरू सञ्चालन भएका थिए भने श, ष, स को प्रयोग, क्ष्य, क्ष को प्रयोग, ब र व को प्रयोगजस्ता विषयमा प्रशिक्षण केन्द्रित थियो। दुई दिनसम्म सञ्चालित प्रशिक्षण कार्यक्रममा सहभागी प्रशिक्षार्थीहरूका जिज्ञासाहरूलाई प्रष्ट पार्ने प्रयास गर्नुका साथै बीचबीचमा कानूनी लेखनका आदेश, फैसलाका नमूना प्रतिहरूसमेत उपलब्ध गराई प्रयोगात्मक अभ्यासहरूसमेत भएको थियो।

त्यसैगरी तालिमका सहभागीहरूको जिज्ञासा र सर्वोच्च अदालत प्रकाशन, सञ्चार तथा सम्पादन समितिको नीतिगत पक्षको समेत चर्चा गर्दै समितिका सदस्य सचिव सहरजिस्ट्रार श्री नहकुल सुवेदीले मत सर्वेक्षणबाट प्राप्त सुझावलाई आगामी दिनका लागि मार्गदर्शन र पृष्ठपोषण हुन सघाउनेतर्फ जोडदिँदै सहभागीहरूको सक्रिय सहभागिताका लागि धन्यवाद दिनुभयो।

कार्यक्रमका प्रमुख अतिति तथा सर्वोच्च अदालत प्रकाशन, सञ्चार तथा सम्पादन समितिका अध्यक्ष माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायज्यूले आगामी दिनमा भाषिक पक्ष र अभ्यासका कक्षाहरूलाई सँगसँगै लाने प्रयासमा हामी लाग्ने छौं भन्नुहुँदै सहभागीहरूका जिज्ञासा र सुझावहरू जायज छन्। तालिममा सकेसम्म अरू सहभागीहरूलाई आगामी दिनमा समावेश गर्दै जाने विश्वास दिलाउनु हुँदै यस तालिम पश्चात आफूमा आएको परिवर्तनको स्वमूल्याङ्कनसमेत गर्नुहुनेछ भन्दै दुई दिने प्रशिक्षण कार्यक्रम समापन भएको घोषणा गर्नुभएको थियो।



भाषिक प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिनुहुँदै उप.प्रा.श्री रामचन्द्र फुयाल

प्रशिक्षण कार्यक्रममा निम्न सहभागीहरूको सहभागिता रहेको थियो ।

**प्रशिक्षण कार्यक्रमका सहभागीहरू**

| | | |
|---|---|---|
| १. | इजलास अधिकृत श्री हरिशचन्द्र गौतम | पुनरावेदन अदालत, पोखरा |
| २. | इजलास अधिकृत श्री विश्वप्रसाद रेग्मी | पुनरावेदन अदालत, पोखरा |
| ३. | इजलास अधिकृत श्री देवी भण्डारी | पुनरावेदन अदालत, पोखरा |
| ४. | इजलास अधिकृत श्री सुमनप्रसाद कुशवाहा | पुनरावेदन अदालत, पोखरा |
| ५. | शाखा अधिकृत श्री नन्दप्रसाद आचार्य | पुनरावेदन अदालत, पोखरा |
| ६. | शाखा अधिकृत श्री विश्वनाथ अर्याल | पुनरावेदन अदालत, पोखरा |
| ७. | शाखा अधिकृत श्री अमित उप्रेती | पुनरावेदन अदालत, पोखरा |
| ८. | शाखा अधिकृत श्री जीवनकुमार पौडेल | पुनरावेदन अदालत, पोखरा |
| ९. | शाखा अधिकृत श्री सोमप्रसाद पराजुली | पुनरावेदन अदालत, पोखरा |
| १०. | शाखा अधिकृत श्री भूमिकाप्रसाद शर्मा | पुनरावेदन अदालत, पोखरा |
| ११. | कम्प्युटर अपरेटर श्री चुडाबहादुर रोका | पुनरावेदन अदालत, पोखरा |
| १२. | कम्प्युटर अपरेटर श्री शकुन्तला आचार्य | पुनरावेदन अदालत, पोखरा |
| १३. | कम्प्युटर अपरेटर श्री ब्रह्मदेव शाह | पुनरावेदन अदालत, पोखरा |
| १४. | कम्प्युटर अपरेटर श्री यमकान्त ढकाल | पुनरावेदन अदालत, पोखरा |
| १५. | डिट्ठा श्री कृष्णप्रसाद गैह्रे | पुनरावेदन अदालत, पोखरा |
| १६. | शाखा अधिकृत श्री विदुरकुमार उपाध्याय | कास्की जिल्ला अदालत |
| १७. | नायब सुब्बा श्री मोहन के.सी. | कास्की जिल्ला अदालत |
| १८. | नायब सुब्बा श्री दीपक गिरी | कास्की जिल्ला अदालत |
| १९. | नायब सुब्बा श्री दुर्गाकुमारी कार्की | कास्की जिल्ला अदालत |
| २०. | डिट्ठा श्री गोविन्द पौडेल | कास्की जिल्ला अदालत |
| २१. | नायब सुब्बा श्री शिवकुमार अधिकारी | लमजुङ जिल्ला अदालत |
| २२. | नायब सुब्बा श्री विजयलक्ष्मी शर्मा | लमजुङ जिल्ला अदालत |
| २३. | नायब सुब्बा श्री घनश्याम तिमिल्सेना | गोरखा जिल्ला अदालत |
| २४. | टाइपिष्ट खरिदार श्री भुपालबहादुर भुजेल | गोरखा जिल्ला अदालत |
| २५. | नायब सुब्बा श्री कृष्णप्रसाद मरासिनी | स्याङ्जा जिल्ला अदालत |
| २६. | नायब सुब्बा श्री सुरक्षा ढुङ्गाना | स्याङ्जा जिल्ला अदालत |
| २७. | डिट्ठा श्री लेखनाथ पौडेल | स्याङ्जा जिल्ला अदालत |
| २८. | डिट्ठा श्री सुर्यबहादुर राना | स्याङ्जा जिल्ला अदालत |
| २९. | डिट्ठा श्री नारायणदत्त शर्मा | तनहुँ जिल्ला अदालत |
| ३०. | तामेलदार श्री अप्सरा पोख्रेल | तनहुँ जिल्ला अदालत |